म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३१ बुधबार १३ भदौ २०८० ने. सं. ११४३ गुलाल्थ्व 30 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## डेंगू संक्रमितको संख्या ३०० नजिक

हेटौँडा, १२ भदौ/मकवानपुरमा पछिल्लो समय डेंगू संक्रमितको संख्या बढ्दो छ । पछिल्लो २४ घण्टामा थप ९ जनामा डेंगू संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा गरिएको परीक्षणमा हेटौँडा उपमहानगरपालिकाका तीन जना, मनहरी गाउँपालिकाका ५ जना र भीमफेदी गाउँपालिकाका एक जनामा डेंगू संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । यससँगै जिल्लामा डेंगू संक्रमितको कूल संख्या झण्डै ३०० को हाराहारीमा पुगेको छ । गत साउन १ गतेदेखिको डेंगू संक्रमितको कूल संख्या २९२ पुगेको छ । जसमा सबैभन्दा धेरै संक्रमित हेटौँडा उपमहानगरपालिमा रहेका छन् । यहाँ १९६ जनामा डेंगू संक्रमण पुष्टि भएको छ । यसैगरी, थाहानगर पालिकाका एक जना, मकवानपुरगढी गाउँपालिकाका ७ जना, बागमती गाउँपालिकाका १६ जना, मनहरी गाउँपालिकाका १५ जना, इन्द्रसरोवर गाउँपालिकाका एक जना, भीमफेदी गाउँपालिकाका ७ जना, बकैया गाउँपालिकाका ६ जना र राक्सिराङ गाउँपालिकाका १ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

# सरकारसँग मुआब्जा माग, सडक विस्तारमा प्रचण्ड र देउवाको साथ

साझाकुरा संवाददाता

हेटौँडा, १२ भदौ/हेटौँडा उपमहानगरको मुख्य बजारक्षेत्रमा रहेको सडकलाई फराकिलो पार्न सूचना जारी भएपछि यहाँका घर धनीहरु सरकारका ढोकासम्म पुग्ने क्रम जारी छ ।

सडक डिभिजन हेटौँडाले १० असारमा २०७८ सालमा सर्वोच्च अदालतबाट जारी आदेशको अंशसहित सडक विस्तारसम्बन्धी सूचना जारी गरेपछि मुआब्जा माग्दै तीनतहकै सरकारसँग घरधनीहरुले उचित समाधानको पहल गरिरहेका छन् । सडक डिभिजनले बिनामुआब्जा घरखाली गर्न सूचना जारी गरेको भन्दै उचित मुआब्जा र क्षतिपूर्ति माग गरेर हेटौँडा-९ को एचआइडी, ४ नम्बर वडाको कर्रा तथा मेनरोड र १ नम्बर वडाको राप्तिरोड बासीहरु सर्वोच्च अदालतसम्म पुगेका छन् । सर्वोच्च अदालतमा घर धनीहरुद्वारा दायर रिटउपर सुनुवाई भने भइसकेको छैन । मंगलबार रहेको पेशीसमेत धकेलिएको छ ।

सडक क्षेत्रभित्रका घर धनी र मकवानपुर उद्योग वाणिज्य संघ मकवानपुरको नेतृत्व सडक विस्तारको विषयलाई लिएर मंगलबार नै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र कांग्रेस सभापतिसमेत र हेका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई भेट गरेका छन् । प्रधानमन्त्री प्रचण्डसँगको भेटमा संघीय संसदमा मकवानपुरबाट प्रतिनिधित्व गर्ने चार सांसद महेशकुमार बर्तौला, दीपकबहादुर सिंह, विन्दावासिनी कंसाकार, राष्ट्रियसभाका सदस्य




रामचन्द्र राई, पूर्वसांसद कृष्णप्रसाद दाहाल, अनन्त पौडेल, बागमती प्रदेशसभाका सदस्य लक्ष्मी श्रेष्ठ, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता, संघका निवर्तमान अध्यक्ष कृष्ण कटुवाल र घरधनीको टोली सहभागी थियो । देउवासँगको भेटमा भने पूर्वसांसद महालक्ष्मी उपाध्याय डीनासहितको टोली थियो ।

प्रधानमन्त्री र देउवा दुवैले हेटौंडाको सडक विस्तार आवश्यक रहेको औंल्याएका छन् । भेटघाटमा सहभागीका अनुसार प्रचण्ड र देउवा दुवैले सडक विस्तार आवश्यक रहेको र घरधनीलाई परेको समस्याबारे सरकारले गम्भीर रुपमा लिने प्रतिबद्धता जनाएको संघका अध्यक्ष अग्रवालले जानकारी दिए । घरधनीहरुले सडक विस्तारको विरोध नगरेको र विस्तारका क्रममा उठिबास नै लाग्ने घरधनीको व्यवस्थापन राज्यले गर्दिनुपर्ने माग प्रधानमन्त्री प्रचण्ड र देउवासँग राखेका थिए । प्रचण्डले घरधनीलाई अलपत्र पार्ने गरी सरकारले काम नगर्ने र सडक विस्तारको समस्याको निकास चाँडै निकाल्ने विश्वास दिलाएका छन् ।

प्रचण्डले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलसहितको एउटा छलफल राखेर उचित समाधान निकाल्न आफू सकारात्मक रहेको बताएका थिए । उनले सडक विस्तारको सम्बन्धमा सबै व्यवस्थापन र छलफलका लागि सांसद बर्तौलालाई समन्वय गर्न आग्रह गरेका थिए । 'तपाईंहरुको कुरा सुनें । सडक विस्तार गर्दा आइपर्ने समस्या समाधानका लागि बागमतीका मुख्यमन्त्रीसहित छलफल गरौंला । माननीय महेशजीले सडक विस्तारको विषयमा सबै समन्वय गर्दिनुहोला ।', प्रचण्डको भनाई उदृत गर्दै छलफलमा सहभागीले बताए । सांसद बर्तौलाले सडक विस्तार आवश्यक रहेको र घरधनीको उठिबास नै लाग्ने अवस्था आउँदा राज्यले अभिभावकको भूमिका निर्वाह गर्नुपर्नेमा प्रचण्डको ध्यानाकर्षण गराए ।

घरधनीहरुले सार्वजनिक सडक ऐन २०३१ बन्नुपूर्व हेटौँडा बजार क्षेत्रमा बनेका घरको मुआब्जा माग गरिरहेका छन् । २५ मिटर भित्रका घरजग्गाको लालपूर्जा व्यक्तिकै नाममा रहेको र राज्यलाई हालसम्म नियमानुसार मालपोत, बिभिन्न कर तिर्दै आएको, मालपोत कार्यालयबाट खरीदबिक्री हुँदै आएकोले निजी सम्पत्ति राज्यले लिनुपर्दा क्षतिपूर्ति वा मुआब्जा दिनुपर्ने संघका अध्यक्ष गुप्ताले बताए । सडक विस्तारको क्रममा एक हजार सात सय ७२ घरधनी प्रत्यक्ष प्रभाबित हुने, करिब एक सय ५० परिवार घरबारबिहिन (विस्थापित) हुने, झण्डै चार हजार व्यवसायी प्रभावित हुने जनाइएको छ ।

हेटौँडा बजार क्षेत्रका करिब तीनसय घरधनीले घर भत्काउने सूचनाको विरोधमा सर्वोच्च अदालतमा विभिन्न मितिमा मुद्दा दायर गरेका हुन् । लामो समयदेखि अनिर्णयको शिकार भएको हेटौँडा बजार क्षेत्रका भवन भत्कने सम्भावना बढ्दै गएपछि व्यवसायीको चिन्ता पनि बढेको छ । तर, हेटौँडा उपमहानगरपालिका (तत्कालीन नगरपञ्चायत र ०४६ पछिको नगर पालिका)सँग राज्यले चाहेको बखत सडक विस्तारका क्रममा आफ्नो संरचना भत्काइदिने लिखितम सहमति घरधनीहरुले गरेका छन् ।

हालसम्म उपमहा नगरपालिकाले २ सय ९८ घरधुरीको राज्यले चाहेको बेला सडक विस्तारका लागि आफ्नो संरचना भत्काइदिने कबुलियतनामा गरेको कागजात सुरक्षित रहेको जनाएको छ । नेपालको बिभिन्न क्षेत्रमा विकासका मुख्य साझेदार एडीबी, वर्ल्ड बैंकलगायतले पूर्वपश्चिम र ाजमार्गलाई एसियाको ३७ वटा देशसँग सडक सञ्जालले जोड्ने अभियानसहित काम गरिरहेकोले नेपाल सरकारलाई सडक क्षेत्राधिकार भित्रका संरचना हटाउन चर्को दवाब परेको बताइएको छ ।

# मकवानपुरमा साढे २ हजार हेक्टर खेतीयोग्य जग्गा बाँझै

साझाकुरा संवाददाता



हेटौँडा, १२ भदौ/ग्रामीण भेगमा खेतीयोग्य जमिन बाँझो राखेर वैदेशिक रोजगार जाने वा कुनै न कुनै व्यवसाय गरेर सहरी क्षेत्रमा बसोबास गर्नेको संख्या बढेको छ । यसले सहरी बस्ती बाक्लिनुका साथै विभिन्न प्रकारको प्रदुषण बढाएको छ, भने कृषिजन्य उपभोग्य सामग्रीको मूल्यबृद्धिको मार खेप्नु परेको छ । बागमती प्रदेशमा रहेको खेतीयोग्य जमिनमध्ये ३८ हजार ६३५ हेक्टर जग्गा बाँझो रहेको प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

बागमती प्रदेशमा रहेको कुल खेतीयोग्य जमिनमध्ये उल्लेखित परिणामको जग्गा बाँझो रहेको हो । सिंचाईको अभावले पनि जग्गा बाँझो रहेको मन्त्रालयको विश्लेषण छ । प्रदेशमा रहेको ५ लाख १३ हजार ७१८ हेक्टर खेतीयोग्य जमिनमध्ये १ लाख ५९ हजार ७८२ हेक्टरमा मात्रै सिंचाई सुविधा पुगेको छ । यद्यपि ३ लाख ८८ हजार ९८५ हेक्टर जग्गामा खेती भइरहेको प्रदेशको कृषि मन्त्रालयका सूचना अधिकारी कृषि अर्थविज्ञ अनुप अधिकारीले बताए । 'बाँझो रहेको जमिन पनि खेतीयोग्य नै हो' प्रदेशको कृषि मन्त्रालयका कृषि अर्थविज्ञ अधिकारी भन्छन् -'सिंचाईको कमी, कृषि उत्पादन लागत मूल्य बढ्दा किसानले खेती गर्न छोड्न थाले, विदेश पलायन र खेतीयोग्य जग्गा घडेरीकरण हुँदा पनि बाँझो बढी देखिएको हो ।'

प्रदेशको १३ जिल्लामा सिन्धुपाल्चोकमा सबैभन्दा खेतीयोग्य जमिन रहेको छ । यहाँ ७३ हजार ७१० हेक्टर खेतीयोग्य जमिन छ । यीमध्ये ४७ हजार ४७५ हेक्टरमा मात्रै हाल खेती भइरहेको छ भने ६ हजार ८९२ हेक्टर जग्गा बाँझो राखिएको छ । यसैगरी ६२ हजार ७१३ हेक्टर खेतीयोग्य जमिन भएको सिन्धुली जिल्लामा जम्मा ४९ हजार ७८९ हेक्टरमा मात्रै खेती गरिएको छ । यहाँको ४ हजार ५८ हेक्टर जमिन बाँझै छन् ।

यसैगरी नुवाकोटमा ४८ हजार २५३ खेतीयोग्यमध्ये १ हजार ४ हेक्टर जमिन बाँझो रहेको छ । प्रदेशको धादिङमा ४८ हजार १३६ हेक्टरमध्ये ४ हजार २९ हेक्टर, चितवनमा ४८ हजार ५३७ हेक्टर मध्ये ५७६ हेक्टर, दोलखामा ४४ हजार ५१३ हेक्टरमध्ये २ हजार ९२७ हेक्टर, मकवानपुरमा ३५ हजार ७७९ हेक्टरमध्ये २ हजार ५०५ हेक्टर जग्गा बाँझै रहेको मन्त्रालयको तथ्याङ्ले देखाएको छ ।

यसैगरी ६१ हजार ५९८ हेक्टर खेतीयोग्य जमिन रहेको काभ्रेपलाञ्चोकमा ४ हजार ९६ हेक्टर खेतीयोग्य जमिन खाली छ । प्रदेशको तेस्रो ठुलो खेतीयोग्य जमिन भएको काभ्रेपलाञ्चोकमा ६१ हजार ७१० हेक्टर जमिन खेतीयोग्य छ । जहाँ ४४ हजार ७७५ हेक्टर जग्गामा मात्रै खेती भएको छ ।

यसैगरी प्रदेशको रामेछापमा २८ हजार ४३४ हेक्टर मध्ये १ हजार ९५६ हेक्टर, काठमाडौंमा २१ हजार २०० हेक्टर मध्ये ३ हजार ३३ हेक्टर बाँझो छ । यसैगरी रसुवामा १६ हजार ८११ हेक्टर खेतीयोग्य जमिनमध्ये १ हजार ६३२ हेक्टर, ललितपुरमा १५ हजार २९६ हेक्टरमध्ये ४ हजार ३८२ हेक्टर र भक्तपुरमा कूल १२ हजार ७३८ हेक्टर खेतीयोग्य जमिनमध्ये १ हजार ५५४ हेक्टर जग्गा बाँझो रहेको छ । केही बाध्यता र केही लहैलहैको कारण ग्रामीण भेगका खेतीयोग्य जमिन बाँझो हुनेक्रम बढेको छ भने सहरी क्षेत्रका जमिन बसाइसराइकै कारण आवासले भरिने क्रम बढेको छ ।

# संविधानले दिएको अधिकार कार्यान्वयनमा मुख्यमन्त्रीको जोड

साझाकुरा संवाददाता


हेटौँडा, १२ भदौ/बागमती प्रदेशका मुख्यमन्त्री शालिक राम जम्कट्टेलले आफूहरुको चिन्ता भनेको संघीयता सुदृढिकरण रहेको बताएका छन् ।

उनले संविधानले दिएको अधिकारलाई ऐन, नियम र कानुन निर्माण गरी कार्यान्वयन गर्नुमा जोड दिए । कार्य विस्तृतीकरण परिमार्जनको प्रारम्भिक सुझाव संकलनका लागि मंगलबार हेटौँडामा भएको प्रदेशस्तरीय अन्तरक्रिया गोष्ठीलाई सम्बोधन गर्दै मुख्यमन्त्री जम्कट्टेलले तीन तहको सरकार बीचको विवादित विषयलाई छलफल गरी कार्यान्वयन गर्न आवश्यकता रहेको बताए । उनले प्रधानमन्त्री धेरै सक्रिय हुनुहुन्छ हामी तीन चरणको बैठक बसिसकेको अवस्थामा पूर्णरुपमा संघीयता कार्यान्वयनमा हामी आशावादी रहेका छौं ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय समन्वय परिषद् सचिवालयको आयोजना तथा बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको समन्वयमा भएको एक दिवसीय गोष्ठीमा सम्बोधन गर्दै उनले आफूहरुले सिडियोको अधिकार होइन एसपीसम्मको अधिकार लिएर काम गर्नुपर्ने, स्थानीय तहको कर्मचारी प्रदेशले हेर्नुपर्ने संविधानमा छ तर, ऐन र कार्यविधि नभएकाले कार्यान्वयन गर्न नसकेको बताए ।

हामीले एकलअधिकार कार्यसूची अनुसार चल्नुपर्छ र स्थानीय तहसँगको सहकार्यका साझा अधिकार कार्यसूची अनुरुप काम गर्नुपर्छ:-मुख्यमन्त्रीले भने । स्थानीय तहसँगको केही विवादित विषय छ त्यसलाई समेटिएर छलफल गरी आफ्नोआफ्नो अधिकार प्रयोग गर्न आग्रह समेत गरे ।

गोष्ठीमा बागमती प्रदेश सरकारका मन्त्रीहरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव मणिराम गेलाल, सहसचिव रेखा दास, उपसचिव चक्रपाणि शर्मा, प्रदेश सरकारका प्रमुख सचिव धनश्याम उपाध्याय, नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुङ्गाना, गाउँपालिका महासंघका अध्यक्ष लक्ष्मीदेवी पाण्डे, प्रदेश सरकारका विभिन्न मन्त्रालयका सचिवहरु, मुख्यन्यायाधिवक्ता र कानुनविद्हरुको सहभागिता रहेको थियो । कार्यक्रममा अन्तरतह समन्वय र कार्य विस्तृतिकरणका विषयमा छलफल गरिनुका साथै समूहगत छलफल र आफ्नो प्रस्तुति गराइएको थियो ।






साझाकुरा

## हाम्रो कुरा

# जोखिमपूर्ण बस्ती स्थानान्तरण गर्नुपर्छ

बस्ती स्थानान्तरमा सरकारले ध्यान नदिँदा नागरिकले विपद्बाट ज्यान गुमाउनुका साथै थातथलो नै छोड्नुपर्ने बाध्यता आइलागेको छ । २०७२ सालको भूकम्पका कारण चिरा परेका जमिन बर्षातमा बढी जोखिमपूर्ण बनेका छन् । मकवानपुरमा बाढी तथा पहिरोका घटना बढी हुन थालेका छन् । मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिकामा पहिरोले घर बगाउँदा परिवारका अधिंकाश सदस्यको मृत्यु भएको घटना सेलाउन नपाउँदै बकैयामा फेरि पहिरोले बितण्डा मच्चाएको छ । साउन तेस्रो हप्ता अविरल वर्षाको कारण गएको पहिरोमा परी ७ जान बेपत्ता भएकोमा १ जना मात्रै बाँच्न सफल भएका थिए । बागमती गाउँपालिका-५, सिक्रेदोभानमा पहिरोले घर बगाउँदा बेपत्ता २ जनाको शव अझै फेला परेको छैन । पहिरोले बगाएका सिन्धुली हरिहरपुर-१ कोकटीका बस्ने १७ बर्षीय पासाङ घिसिङलाई जीवितै उद्दार गरिएको थियो । बकैया गाउँपालिकामा पहिरो जाँदा आधा दर्जन परिवार थातथलो छोड्न बाध्य भएका छन् । बकैया गाउँपालिका-१२ मा आधा दर्जन घरपरिवारको उठिबास भएको हो ।

पहिरोले बकैया-१२, धेक्रेकी सीता स्याङतानको घर बगाएको हो । मानवीय क्षति नभएपनि घर क्षति हुँदा अन्नवाली, लत्ताकपडा सबै पहिरोमा पुरिएको छ । पहिरोका कारण वडाका आधा दर्जन घरहरु जोखिममा रहेका छन् । स्थानीय पेमा लामाको घरमा पानी छिरेको, तीनघरेकी रीता घलेको घर लड्ने गरी धराप अवस्थामा रहेको छ । अविरल वर्षाका कारण आइतबार बस्तीको माथिबाट आएको पहिरोले बकैया-१२ कोलखोपमा रहेको मितेरी पावरप्लान्ट बगाएको छ । पहिरोले गाउँ नै जोखिममा रहेको र पावरप्लान्ट बगाउँदा अन्धकार भएको हो । पहिरोले पावर प्लान्ट बगाएपछि अहिले गाउँ अन्धकारमय भएको हो । पावर प्लान्टमार्फत १२ नम्बर वडाको कोलखोप, सिमपानी, महादेवडाँडा, चपकी, रातोमाटे, नियाले, चारघरेका स्थानीय प्रभावित बनेको जानकारी आएको छ । बकैया गाउँपालिकाको अधिकांश क्षेत्र भौगोलिक रुपमा विकट छ । जसकारण बकैया खोला वरपर पनि बस्ती भएकाले बकैयामा पहिरो र बाढीको उच्चजोखिम छ । बकैया चट्याङको पनि जोखिम क्षेत्र हो । यसअघि १२ नम्बर वडामै चट्याङले एक जनाको मृत्यु भएको थियो । जिल्लामा बकैयामात्र नभई १० वटै स्थानीय तह पहिरो र बाढीको जोखिममा छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार मनसुनका कारण हुने पहिरोको जोखिममा देशभरबाट ३२ जिल्ला र उच्चजोखिममा २२ जिल्ला छन् । जसमध्ये मकवानपुर पनि पहिरो र बाढीको जोखिममा छ । मकवानपुरको राक्सिराङ, कैलाश, इन्द्रसरोबर, भीमफेदी, बकैया र बागमती गाउँपालिका पहिरोको जोखिममा छन् । जसमध्ये राक्सिराङ र कैलाश गाउँपालिका पहिरोको उच्चजोखिममा छन् । हेटौंडा, मनहरी, बागमती गाउँपालिका बाढीको उच्चजोखिमयुक्त क्षेत्र हुन् भने थाहा नगरपालिका, बकैया, भीमफेदी, इन्द्रसरोबर, मकवानपुरगढी, राक्सिराङ तथा कैलाश गाउँपालिका बाढी र पहिरो दुवैको जोखिम क्षेत्रको रुपमा रहेका छन् । पूर्वीक्षेत्रस्थित बागमतीको बागमती नदीसहित चौराखोला र दर्जन बढी चुरेबाट झर्नेखहरेखोलाको कारण यहाँ वर्षेनि सयौं हेक्टर जमिन कटान हुनुको साथै मानवीय क्षति हुने गरेको छ ।

पश्चिम मकवानपुरको मनहरी, राक्सिराङ तथा कैलाश गाउँपालिकामा रहेका मनहरी खोला, लोथर खोला तथा राप्ती खोलाले वर्षेनी ठुलो मात्रामा जमिन कटान गर्नुको साथै बस्तिमा खोला पस्ने समस्या रहेको छ । जिल्लाकै पहाडी क्षेत्रमा पहिरोको जोखिम छ । हरेकवर्ष बाढी, पहिरो, डुबान चट्याङलगायत प्राकृतिक जोखिम वहन गरिरहेको मकवानपुरमा २०७८ सालमा स्थानीय तहले २ हजार १ सय ६५ भन्दा धेरै घर प्राकृतिक प्रकोपको अतिजोखिममा रहेका जनाएका थिए । जसमध्ये करिब १ हजार ३ सय घर तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्थामा रहेका थिए । तर, २०८० असारसम्म आइपुग्दा व्यवस्थित स्थानान्तरणको काम हुन सकेको छैन । बकैया गाउँपालिकाको-६ वटा वडामा पहिरो जोखिम छ । फास्ट ट्र्याकको बाटो निर्माण भइरहेको गाउँपालिकामा बाटो निर्माण गर्दा सावधानी नअपनाएकाले ८० घर जोखिममा रहेको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाको अनुसार ठूलो संख्यामा स्थानीयको ज्यान नै जोखिममा हुँदा पनि सम्बन्धित निकाय मौन छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ १४ गते बिहीबार ३१ अगष्ट २०२३ । पूर्णिमा, श्रावण कृष्णपक्ष । गुलात्थ्व ११४३ ने.सं. । सूर्योदय ५:४२, सूर्यास्त ६:२४ । जनै पूर्णिमा । रक्षाबन्धन (बिदा) । गाईजात्रा (उपत्यका मात्र) (बिदा) ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहयोग गर्ने भावना आउनेछ | **तुला** | : मित्रसंग विवाद हुनसक्नेछ |
| **वृष** | : यात्राको लागि सुखद देखिन्छ | **वृश्चिक** | : धन खर्च हुनेछ |
| **मिथुन** | : रमाइलोको समय रहेको छ | **धनु** | : भेटघाटमा समय बित्नेछ |
| **कर्कट** | : शरीरमा समस्या देखिन सक्नेछ | **मकर** | : सम्पत्तिको खचपच हुनेछ |
| **सिंह** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : सुखभोगको समय रहेकोछ |
| **कन्या** | : सानातिना अवरोध आइरहनेछ | **मीन** | : आर्थिक लाभ मिल्नेछ |

# समृद्ध नेपाल बनाउने मौलिक बाटोको मार्गचित्र



✍ डा. गिरिधारी शर्मा पौडेल

### समृद्धि के हो ?

समृद्धि बारे विभिन्न क्षेत्रका भिन्न-भिन्न बुझाइ छन् । अंग्रेजी शब्दकोशले जनताको उच्च जीवनस्तर, कार्यमा सफलता, प्रशस्त धन भएको अवस्था, उन्नत स्थिति, वित्तीय सफलता र राम्रो भविष्य भएको अवस्थालाई समृद्धि भनेको छ । अर्थशास्त्रले दिगो उच्च आर्थिक वृद्धि, बढ्दो नाफा र पूर्ण रोजगारी भएको अवस्थालाई समृद्धि मानेको छ । वाणिज्यशास्त्रले पूर्ण रोजगारी, उच्च आय, क्रयशक्ति र न्यून मुद्रास्फ्रीति भएको अवस्थालाई समृद्धि भनेको छ । औषधि विज्ञानले पैसाले खरिद गर्न नसकिने जनताको आनन्द र असल स्वास्थ्यलाई मानवजातिको धन र समृद्धि मानेको छ ।

हिन्दु धर्मले कडा मिहिनेत गरेर प्रशस्त धन कमाउनु र दान गर्नुलाई समृद्धि मानेको छ । बुद्ध धर्मले सामूहिक आध्यात्मिकता र त्यसबाट आउने आनन्दलाई समृद्धि ठानेको छ । क्रिश्चियन धर्मले समृद्धि स्वास्थ्य, धन, सफलता र विश्वास हो, यो आर्थिक आशिष र शारीरिक भलाइ पनि हो र परमेश्वरको इच्छा अनुसार प्राप्त हुन्छ भनेको छ । इस्लाम धर्मले समृद्धि परमेश्वरको उपहार हो र यो कडा मिहिनेत र भक्तिभावबाट प्राप्त हुन्छ भनेको छ ।

एउटा व्यापारीको लागि सकारात्मक सोच र धारणाले धन, शान्ति र सुख प्राप्त गर्नु समृद्धि हो । असल लेखकको लागि समृद्धि भौतिक सुख र पैसा मात्र होइन सोच्ने र जिउने एक उत्तम कला हो । एउटा राजनीतिज्ञको लागि उसका मतदाता प्रशन्न देखिनु समृद्धि हो । एउटा सैनिक जनरललाई उसका जवान आज्ञाकारी र हनु र आफ्नो आर्थिक उन्नयन र पदोन्नति हुनु समृद्धि हो । एउटा प्रशासकलाई उसको पदोन्नति हुनु र धन कमाउनु समृद्धि हो ।

सारमा समृद्धि एक उन्नत अवस्था हो जहाँ बुद्धि र विवेकको उच्चतम अभ्यास भएको हुन्छ । सबैलाई रोजगार उपलब्ध हुन्छ, हरेक व्यक्तिले आफ्नो आत्मसम्मान महसुस गरेको हुन्छ, अनुसन्धानले नयाँ प्रविधि सृजना गरी उत्पादन बढाएर जनतालाई धनी र सुखी बनाएको हुन्छ । यो कोरा कल्पना र सिद्धान्त होइन, मानिसको बुद्धि, विवेक, सृजना, कडा मिहिनेत, काम र उत्पादनको उपज हो ।

### समृद्धिको सपना

एउटा लेखकले पैसाको पछि नलागी जीवनमा चाहिने सबै प्राप्त गर्ने उद्देश्य राखेर उत्कृष्ट लेखन गरे समृद्धि प्राप्त हुने सपना देख्न सक्छ । एउटा प्रेमीले धेरै प्रेम बाँडेपछि समृद्धि प्राप्त हुने महसुस गर्न सक्छ । एउटा व्यापारीले धन र मनको सकारात्मक सम्बन्ध बनाई ज्ञानमा आधारित व्यावसायिक रणनीति बनाउने, निर्दिष्ट दिशा तय गरेर लगातार काम गर्ने र उच्च मनोबलका साथ व्यावसायिक क्षमता प्रदर्शन गरे समृद्धि प्राप्त हुने बाटो देखेको हुनसक्छ ।

एउटा राजनीतिज्ञले सस्ता, राम्रा र टिकाउ सामाजिक सेवाहरू प्रदान गर्ने, सम्पूर्ण श्रम बलको लागि रोजगार सृजना गर्ने, सबै नागरिकको सुरक्षा प्रत्याभूति गर्ने र आर्थिक बजारमा प्रतिस्पर्धा गर्न नवविचारको बढावा दिनाले समृद्धि प्राप्त हुने सपना देखेको हुनसक्छ ।

समृद्धि प्राप्तिबारे अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामाले भनेका छन्, 'मैले धरासायी हुन लागेका बैंकमा ८२५ खर्ब डलरको उत्तेजक प्याकेज लागु गरें र अमेरिकी अर्थतन्त्रलाई समृद्धिको बाटो देखाएँ ।' बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनाले भनेकी छन्, 'बङ्गलादेश एक आधुनिक सफलताको कहानी भएको देश हो । यो अहिले मध्य आय भएका देशको समूहमा सामेल भएको छ । सन् १९९१ देखि २०१० को बीचमै हामीले दुई करोड पाँच लाख गरिबको जीवनस्तर माथि उठायौं ।

अब हामीले नयाँ रोजगारको सृजना र निर्यात वृद्धिको अर्को चरणबाट समृद्धि प्राप्त गर्नेछौं ।' मलेशियाका पूर्वप्रधानमन्त्री महाथिर मोहम्मदले भनेका छन्, 'सन् २०२० सम्ममा मलेशिया एकताबद्ध, उच्च नैतिकमूल्य, लोकतान्त्रिक, उदारवादी, प्रगतिशील र सहनशील समाज र गतिशील अर्थतन्त्र भएको विकसित र समृद्ध देश हुनेछ ।' समृद्धिबारे भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भनेका छन्, 'सन् २०१८ को संघीय बजेट भारत समृद्धिको एक ट्रेलर हो ।

यसले १२ करोड किसान, ३० करोड मध्यम वर्ग र ४० करोड अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारको समृद्धिको सपना बोकेको छ ।' चीनका राष्ट्रपति सी जिनपिङले आफ्नो नयाँ विकास दर्शनमा भनेका छन्, 'विद्यमान असमानता हटाई साझा समृद्धि प्राप्त गर्नु चिनियाँ कम्युनिष्ट पार्टीको शासनको मुख्य आधार हो ।'

नेपालका पूर्वप्रधानमन्त्री केपी ओलीले समृद्धि बारे भनेका छन्, 'एशियाली देशहरूको स्तरमा हाम्रो उचाइ तब मात्र देखिनेछ जब हाम्रो आर्थिक र सामाजिक विकासले फड्को मार्छ । बलियो आर्थिक विकासको जगमा उभिएको राष्ट्रिय भावनाले मात्र हामीलाई माथि उठाउन सक्छ । समृद्धिको उचाइमा पुग्ने हाम्रो सपना हुनुपर्छ र एक्काइसौं शताब्दीसम्ममा समृद्ध नेपाल र सुखी नेपाली बनाउने लक्ष्यका साथ हामीले काम गर्नुपर्छ ।'

भारतका राष्ट्रपिता महात्मा गान्धीको विचारमा औद्योगिक राष्ट्रको रूपमा आफ्नो अस्तित्व राख्न सक्षम राष्ट्रलाई मात्र समृद्ध राष्ट्र भनिन्छ । दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति नेल्सन मण्डेलाको विचारमा समृद्धि समावेशी समाजद्वारा निर्मित एक बलियो सामाजिक अनुबन्ध हो, जहाँ प्रत्येक व्यक्तिको मौलिक स्वतन्त्रता र सुरक्षाको प्रत्याभूति भएको हुन्छ ।

चीनका पूर्व राष्ट्रपति देङ सिआवो पिङको विचारमा केही मानिस र क्षेत्र पहिले समृद्ध बन्दछन् र त्यसपछि क्रमश: अन्य व्यक्ति तथा क्षेत्र हुँदै साझा समृद्धि प्राप्त हुन्छ ।

सिंगापुरका पूर्वराष्ट्रपति लि क्वान युको विचारमा देशको जनसंख्यालाई उच्चस्तरीय कामदारमा परिणत गर्नु, तेज युवा पुस्तालाई उद्यमशीलतामा पोख्त बनाउनु, लगातार नवप्रवर्तनमा जोड दिनु र आर्थिक वृद्धि गरिरहनु समृद्धि प्राप्त गर्ने उत्तम बाटो हो ।

सारमा, समृद्धि धन भन्दा फरक हो र यो सबै मानिसहरूलाई फस्टाउने र स्वतन्त्र रूपमा काम गर्ने वातावरणमा मात्र प्राप्त हुन्छ । यो एकल प्रयासले सम्भव हुँदैन र सबैको साझा प्रयास आवश्यक पर्दछ । नागरिकले प्राप्त गरेको ज्ञानलाई सीपमा बदल्ने, सीपलाई उद्यममा, उद्यमबाट उत्पादन बढाउने, उत्पादनबाट आउने प्रतिफल नवप्रवर्तन र मानव कल्याणमा लगाउनु समृद्धि प्राप्त गर्ने उत्तम मार्ग हो । यो एकल प्रयासले सम्भव हुँदैन र सबैको साझा प्रयास आवश्यक पर्दछ ।

### समृद्धिको नेपाली बाटो

समृद्धि पानी, हिउँ र असिना झैं आकाशबाट आफैं बर्सिँदैन र कुनै मित्रराष्ट्र वा शुभेच्छुकबाट उपहारस्वरूप पनि प्राप्त हुँदैन । यो त देशभित्रका नागरिकको आफ्नै अनवरत मिहिनेत, उद्यमशीलता, नवप्रवर्तन, व्यापार वाणिज्यको कुशल व्यवस्थापन, औद्योगीकरण, नियमित उच्च बचत, आर्थिक वृद्धि र असल शासन भएको अवस्थामा मात्र प्राप्त हुन्छ ।

नेपाल विकासको प्रारम्भिक चरणमा भएकोले समृद्धि प्राप्त गर्न पूर्व तयारीको रूपमा निश्चित कामहरू सम्पन्न गर्नुपर्दछ । नेपालले तय गर्नुपर्ने पूर्वतयारीमध्ये समग्र जनतामा समृद्धि प्राप्त गर्ने चेतनाको विकास, विश्वका असल र सफल अभ्यासहरूको अनुकरण, समृद्धिको नेतृत्व गर्ने राजनेताको विकास, शिक्षा क्षेत्रमा सुधार, उद्यमशीलताको विकास, औद्योगीकरण, कानुनको शासन, गुणवत्ता नीति, एकीकृत सामाजिक सुरक्षा आदिको अभ्यास, जनताको संयुक्त प्रयास र कडा मिहिनेत मुख्य छन् ।

### नागरिकमा समृद्धि चेत अभिवृद्धिको प्रश्न

कोभिड-१९ को प्रकोप समयमा पठनपाठन र बैठक लगायत अन्य दैनिक कार्यालय तथा गृहस्थ सञ्चालन भौतिक रूपमा उपस्थित भएर गर्न सम्भव नभएकोले डिजिटल प्रविधिको माध्यमबाट भयो । युवाहरूमा डिजिटल प्रविधि लोकप्रिय बन्दै गयो र यस प्रविधिको प्रयोगले हाम्रा शिक्षित युवाहरूले विकसित देशमा विकास भएका शिक्षण विधि, प्रविधि, पूर्वाधार, आर्थिक विकास, रोजगार र सामाजिक सुरक्षाबारे जानाकारी लिए र उनीहरूले विकास गरेका सुविधाहरू प्रयोग गर्न लालायित भए ।

यसको प्रभाव स्वरूप विदेश जाने युवाहरूको संख्या ह्वात्तै बढेर गयो । देशभित्र रहेको यस समूहमा समृद्धिको भावना ह्वात्तै बढेर गयो । तथापि वयस्क र वृद्धहरूमा समृद्धिको आकांक्षा छ तर मुखरित भएको छैन । त्यस्तैगरी नेपाली समाजमा पछाडि पारिएका वर्ग, दलित र अन्य सीमान्तकृत वर्गले पनि समृद्धिको खोजी गरिरहेका छन् तर मूर्तरूपमा व्यक्त गर्न सकेका छैनन् । तसर्थ समृद्धि कुनै एक उमेर समूहको मात्र माग नभएर सम्पूर्ण नेपालीको साझा अभिलाषा हो भन्ने चेतना सबै नेपाली नागरिकमा विकास गर्नुपर्दछ ।

साथै जनतालाई अनुदान खोज्ने आसे होइन कर तिरेर विकास खोज्ने जिम्मेवार नागरिक बनाउनुपर्छ । जनतालाई मनग्य उपभोग, उच्च बचत, कम सामाजिक खर्च र उत्पादनमा उच्च लगानी गर्ने मन्त्र सिकाउनुपर्छ । विकासका सम्भावना खोजिरहने राजनीतिक नेतृत्वको खोजी गर्ने र गर्छु र गर्न सक्छु भन्ने भाव भएको राजनीतिक नेतृत्व चयन गर्न सिकाउनुपर्दछ ।

नेपाल सन् २०२६ मा अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति हुँदैछ । नेपाल अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति हुँदा प्रारम्भिक चरणमा हामीलाई व्यापारमा केही घाटा लाग्छ तर हामीले अनुदान मागेर देश चलाउनुभन्दा उद्यम गरेर देश चलाउनुपर्दछ भन्ने आम धारणाको विकास गर्नुपर्दछ ।

### विश्वका असल र सफल अभ्यासबाट सिकौं

देशलाई समृद्धिको बाटोमा डोऱ्याउन विभिन्न देशमा विकास भएका असल र सफल अभ्यासबाट पाठ सिक्न र अनुकरण गर्न उपयुक्त देखिन्छ । यी असल अभ्यासमध्ये जापानीहरूले विकास गरेको उद्यमशीलता र अनुशासनप्रियता, कोरियनहरूले विकास गरेको उच्च बचत गर्ने बानी उदाहरणीय छ ।

आफू व्यवसायमा असफल भए पनि अरुलाई दोष नदिई आफ्नै गल्ती महसुस गरेर फेरि सम्हालिने हङकङका व्यवसायीहरूको बानी, पुराना पुस्तक पढेरै भए पनि बुद्धि र ज्ञान विस्तार गर्ने ताइवानीहरूको बानी, आफूलाई आवश्यक पर्ने जेसुकै वस्तु पनि आफैं बनाउन सक्ने चिनियाँहरूको खुबी मननीय छन् ।

प्रतिभावान विद्यार्थीलाई स्वदेश फर्काउने र उच्चस्तरको जनशक्ति बनाउने सिंगापुरको गुणवत्ता नीति, पूर्वी एशियाका देशमा कन्फुसियस धर्मले सिकाएको कडा मिहिनेत र उच्च बचत गर्ने बानी र आफूभन्दा पहिले समाजलाई हेर भन्ने दृष्टिकोण, जनताको क्रयशक्ति अनुसार उपभोग्य वस्तु उत्पादन गर्ने भारतको अभ्यास मननीय छन् ।

अमेरिकाले विकास गरेको सिर्जनशीलता, पश्चिमी युरोपले विकास गरेको कानुनको शासन, जर्मनीका मजदुर संगठन र व्यवसायीबीचको सहकार्यले निर्माण भएको औद्योगिक वातावरण, थाइल्याण्डमा विकास भएको बोलचालमा नम्रता र व्यावसायिक शिष्टता, दक्षिण अमेरिकामा विकास भएको फुटबलको व्यावसायिकता, अष्ट्रेलिया र दक्षिण अफ्रिकामा विकास भएको सामाजिक अन्तर घुलन अनुकरणीय छन् ।

नेपालले आफ्नो समृद्धिको बाटो पहिचान गर्न र त्यसअनुरूप प्रतिफल हासिल गर्न विश्वमा विकास भएका यस प्रकारका असल अभ्यासमध्ये नेपाललाई उपयुक्त हुने अभ्यासलाई आफ्नो परिवेशमा ढाली अनुकरण गर्न उपयुक्त देखिन्छ ।

### समृद्धिको नेतृत्व गर्ने राजनेताको विकास

समृद्ध मुलुक आफैं बन्दैन र जनताको साझा प्रयासले बनाउने हो । समृद्ध मुलुक बनाउन दृढ इच्छाशक्ति, अठोट, योजना र आँट भएको कुशल राजनेताको नेतृत्व चाहिन्छ । नीतिलाई पनि डोऱ्याउने राजनीति असल भएन भने देश समृद्धिमा जान सक्दैन । तसर्थ नेपालको समृद्धिको लागि राजनीति र समृद्धिलाई सँगसँगै परिचालन गर्ने राजनेताको विकास आवश्यक पर्दछ । समृद्धिको नेतृत्व गर्ने राजनेताको चरित्र र मनोवृत्ति सदासर्वदा सीमान्तकृत तथा तल्लो वर्गका कुरा सुन्ने र उनीहरूका समस्या समाधान गर्नुपर्छ ।

आफ्नो टिममा क्षमतावान र स्वार्थरहित शासन प्रणाली सञ्चालन गर्ने साथीहरू रोज्नुपर्छ । समृद्धिको लागि सोच बदल्न समय लाग्छ तर बदल्न सकिन्छ भन्ने आत्मविश्वास जनतामा विकास गर्न सक्नुपर्छ । कुनै काम गर्दा देशलाई नाफा वा घाटा के हुन्छ भनी विश्लेषण गरेर देशलाई फाइदा हुने गरी निर्णय लिन सक्नुपर्छ । सत्तामा पुग्ने बित्तिकै मात नचढ्ने, जनताबाट टाढा नहुने र स्वार्थ समूहबाट घेरिनुहुँदैन । राम्रो कामको तारिफ र गलत कामको विरोध गर्ने प्रतिपक्षको विकास गर्न दत्तचित्त रहनुपर्छ । विदेशी सामानको प्रयोग भन्दा स्वदेशी सामानको उत्पादन र प्रयोगमा रमाउनुपर्छ ।

विदेशी अनुदानमा रमाउनु भन्दा स्वदेशी उद्योग सञ्चालनमा जोडदिनुपर्छ । कालोधन हुनेसँग टाढिने र सेतोधन हुनेसँग नजिकिनुपर्छ । राम्रा कुराहरू आकाशबाट झर्दैनन् र जनतासँगको निरन्तर अन्तरघुलन र कार्यक्रम कार्यान्वयनको अभ्यासबाट आउँछ भन्नेमा विश्वास गर्नुपर्छ । चुनावमा विजय प्राप्त गर्ने राजनीतिक दलले सबैथोक पाउँदैनन् र उनीहरूका निर्णय सर्वमान्य पनि हुँदैनन् भनेर विश्वास गर्नुपर्छ । राजनीतिक पार्टीले बोकेको दर्शनले वर्तमान अवस्थामा काम गर्छ कि गर्दैन भनी विश्लेषण गरी तदनुरूप आफ्ना नीतिलाई समायोजन गर्न सक्नुपर्छ । सत्तामा पुग्नु भनेको आफूले विगतमा गरेको सबै दु:खको ब्याज असुल गर्ने अवसर हो भन्ने मनोवृत्ति हुर्कन दिनुहुँदैन । पूर्व शासकहरू जस्तै राणा, शाह र पञ्च आदिको आलोचना गरेर आफ्नो कर्तव्य पूरा हुँदैन भन्ने चेत भएका र अरुको आलोचना गर्ने ऊर्जा उद्यममा लगाउने मनोवृत्ति भएका राजनेताको विकास आवश्यक पर्दछ ।

### उच्च शिक्षा प्रणालीमा सुधार गरौं

राणाशासनको पतनपश्चात् विकास भएको नेपालको उच्च शिक्षा प्रणालीको मूल ध्येय देशलाई साक्षर बनाउने र देशको शासन सत्ता चलाउन आवश्यक जनशक्ति उत्पादन गर्नु थियो । हालसम्म पनि यसमा तात्विक सुधार भएको छैन र वर्तमान शिक्षा प्रणालीले देशलाई औद्योगीकरणतर्फ लैजान बजारको माग अनुसार प्राविधिक जनशक्ति उत्पादन गर्न सकेको छैन ।

विश्वविद्यालयहरूले सरकारसँग कुन कुन विषयको पढाइ गरौं भनी सोधनी गर्दैनन् र सरकारले पनि यी-यी विषयहरूको पढाइ गर्नु भनी विश्वविद्यालयलाई भन्दैन । सरकार र विश्वविद्यालय बीचको अन्तरसम्बन्ध कमजोर रहेको छ । हाम्रो उच्च शिक्षा प्रणालीमा साधारण शिक्षाको वर्चस्व छ, पाठ्यक्रम पुराना छन्, सिकाइ सैद्धान्तिक छ र प्रयोगात्मक हुनसकेको छैन । कक्षाकोठामा सिकेको सैद्धान्तिक ज्ञान प्रशासनिक तथा उत्पादन इकाइमा काम गर्न व्यावहारिक छैन । विश्वविद्यालयका पाठ्यक्रम बजारको माग अनुरूप परिमार्जन हुनसकेका छैनन् ।

बजारले माग नगरेका पुराना विषय धेरै थपिंदा बजारले माग गरेका नयाँ विषय कम मात्रामा थपिन्छन् । प्राध्यापकहरू विद्यार्थी पढाएर र सत्ताको आलोचना गरेर आनन्द लिन्छन् र उनीहरूका अन्वेषणबाट आएका सिद्धान्त तथा व्यावहारिक ज्ञानलाई सरकारसँग सहकार्य गरेर कार्यान्वयन गर्न कम मात्रामा दत्तचित्त देखिन्छन् ।

समृद्ध नेपाल निर्माण गर्नको लागि देशलाई औद्योगीकरणमा लैजानु पूर्वशर्त हो । तसर्थ सरकारले विषयगत आवश्यक जनशक्तिको प्रक्षेपण गरी विश्वविद्यालयहरूलाई स्रोत सहित जनशक्ति उत्पादन गर्ने कोटा दिने र विश्वविद्यालयहरूले आफ्ना पाठ्यक्रमहरू आफ्नै अनुसन्धानका नतिजा र बजारको माग अनुसार पुनर्लेखन गरी व्यावहारिक ज्ञान र उद्यमशीलता सहितको प्राविधिक जनशक्ति उत्पादन गर्ने गरी वर्तमान उच्च शिक्षा प्रणालीमा व्यापक सुधार गर्न आवश्यक छ ।

### गुणवत्ता (मेरिटोक्रेसी) नीति

कुनै संगठन वा सरकारले आफूलाई आवश्यक पर्ने नयाँ नेता तथा कर्मचारीको छनोट गर्दा वा जिम्मेवारी तोक्दा उनीहरूको योग्यता र प्रदर्शन गरेका क्षमताको आधारमा गर्ने गुणवत्ता नीति हो । प्रशासनिक तथा व्यवस्थापन क्षेत्रको विश्व अनुभवले के सिद्ध गरेको छ भने निम्न तहको ज्ञान भएका व्यक्तिलाई तालिम दिएर कामको जिम्मा दिंदा मध्यम तहका मात्र नतिजा निकाल्न सकिन्छ ।

मध्यम तहको ज्ञान भएका व्यक्तिलाई तालिम दिएर कामको जिम्मा दिंदा मध्यम तहका नतिजामा केही सुधार मात्र गर्न सकिन्छ तर उत्कृष्ट नतिजा निकाल्न सकिंदैन । उत्कृष्ट नतिजाको लागि उत्कृष्ट ज्ञान भएका मानिसलाई कामको जिम्मा लगाउनुपर्दछ ।

नेपालले समृद्धि प्राप्त गर्न राजनीतिक तथा प्रशासनिक क्षेत्रमा गुणवत्ता नीति लागु गर्नुपर्दछ । विश्वविद्यालयमा ग्र्याजुयट हुन लागेका उत्कृष्ट विद्यार्थीलाई कामको अग्रिम अवसर प्रदान गर्न सकिन्छ । विदेशका विश्वविद्यालयमा गई उत्कृष्ट अंक ल्याएका र काममा पनि उच्च योग्यता प्रदर्शन गरेका विशेषज्ञ नेपालीलाई थप सुविधा दिएर स्वदेश फिर्ता बोलाई कामको जिम्मा दिन सकिन्छ ।

राज्यका सबै निकायमा नयाँ नियुक्ति गर्दा वा जिम्मेवारी दिंदा हाम्रा होइन, राम्रा र ठिक व्यक्तिलाई ठिक ठाउँको जिम्मेवारी दिने र उत्कृष्ट नतिजाको अपेक्षा गर्ने गुणवत्ता नीति लागु गर्नुपर्दछ ।

### हरेक नेपाली नागरिकमा उद्यमशीलताको विकास

उद्यमशीलता सिर्जना हो र उद्यमी एउटा सर्जक, तसर्थ उद्यमशीलता देश विकासको मेरुदण्ड हो । कुनै उद्यम, व्यापार वा व्यवसायको सिर्जना गर्नु उद्यमशीलता हो । यसमा उद्यम, व्यापार वा व्यवसाय सिर्जना गर्ने सोचदेखि लिएर दीर्घकालीन रूपमा उद्यमशीलता सञ्चालन गर्ने सीपसम्मका कुरा पर्दछन् । उद्यमी हुनु भनेको आफ्नो मालिक आफैं हुनु हो ।

उद्यमीले उद्यम तथा व्यवसाय सुरु गरी विचारको सिर्जनाबाट चुनौतीलाई अवसरमा परिणत गरी वस्तु तथा सेवा उत्पादन गर्दछ । उद्यमशीलताले उद्यमीलाई प्रत्यक्ष र देशलाई अप्रत्यक्ष तरिकाले आर्थिक रूपमा सबल बनाउँछ र यसले देशको आर्थिक विकासमा ठूलो सहयोग गर्दछ । उद्यमशीलताले उत्पादकत्व बढाउँछ र नयाँ रोजगारीको सिर्जना गर्दछ ।

विश्व बैंकले सन् २०२१ मा प्रकाशन गरेको 'नेपाल डिप्लोमेन्ट आउटलुक' प्रतिवेदन अनुसार नेपालमा उद्यमशीलताको विकास कमजोर हुनाले वर्षेनि नेपालले रु.१२ खर्ब बराबरको वस्तु तथा सेवा विदेश निर्यात गर्ने अवसर गुमाइरहेको छ । नेपाललाई औद्योगीकरण गरी यस अवसर लाई यथार्थमा बदल्न नेपाली नागरिकलाई जागिर खोज्न हिंड्ने हैन, उद्यम सञ्चालन गर्न हिंड, विदेश जाने हैन स्वदेशमै उद्यम गर, घरपरिवार बाट टाढा भएर हैन, सँगै बसेर काम गर भन्ने अभियान सञ्चालन गरी हरेक नेपाली नागरि कमा उद्यमशीलताको विकास गर्नुपर्दछ ।

### गार्हस्थ्य मागले नेतृत्व गरेको औद्योगीकरण

औद्योगीकरण भनेको ठूलो अनुपातमा देशभित्रै उपभोग गर्न तथा विदेश निर्यात गर्न मेसिन र प्रविधि प्रयोग गरी कच्चा पदार्थबाट प्रशोधित वस्तु उत्पादन गर्ने प्रकृया हो । यसले उत्पादनको समय र लागत घटाउँछ, नयाँ रोजगारीका अवसर सिर्जना गर्दछ । देशको कुल गार्हस्थ्य उत्पादन बढाउँछ र समाज रुपान्तरणमा मद्दत गर्दछ ।

नेपालले अपेक्षा गरेको समृद्धि प्राप्त गर्न पहिलो चरणमा देशको लागि आवश्यक वस्तु देशभित्रै उत्पादन गरी आयात प्रतिस्थापन गर्न गार्हस्थ्य मागले नेतृत्व गरेको औद्योगीकरणमा जोड दिने र दोस्रो चरणमा प्रविधि र सीपमा परिमार्जन गरी निर्यात प्रवर्धन औद्योगीकरणमा जोड दिनुपर्दछ । औद्योगीकरणको लागि प्रत्येक प्रदेशमा कम्तीमा एक विशेष आर्थिक क्षेत्र, एक औद्योगिक क्षेत्र, एक गाउँपालिका एक उद्योग ग्राम र एक नगरपालिका वडा एक उद्योगग्रामको विकास गर्नुपर्दछ ।

औद्योगीकरणको लागि चाहिने सीप र प्रविधि विकसित देशबाट प्राप्त गर्नुपर्छ । उद्योगको दर्ता र नवीकरण आदिको लागि एकद्वार प्रणाली लागु गर्नुपर्छ । सरकारले दिनुपर्ने पानी, बत्ती, सडक, सञ्चार र सुरक्षा जस्ता सुविधा उद्यमीलाई उपलब्ध गराउनुपर्छ । हरियाली र सफा सडक, भरपर्दो ऊर्जा, हँसिला कर्मचारी आदिको व्यवस्था गर्नुपर्छ ।

युवा पुस्ताका प्रतिभा सम्पन्न उद्यमीलाई उद्योग सञ्चालन गर्ने जिम्मा दिनुपर्छ भने उनीहरूको बुद्धिमत्ता, ऊर्जा, चासो र एकबद्धतालाई हरसम्भव सहयोग गर्नुपर्छ । उद्योगले मजदुरलाई तालिम दिनुपर्छ भने तालिमको खर्च सरकारले व्यहोर्नुपर्छ । मजदुरलाई लगानीको महत्व बुझाउने र उनीहरूलाई आफू काम गर्ने उद्योगमा लगानी गर्न दिनुपर्छ । औद्योगीकरण गर्न कुशल राजनीतिक नेतृत्वको विकास गर्नुपर्छ । प्रभावशाली र समन्वयकारी प्रशासनिक संयन्त्रको विकास गर्दै औद्योगिक अनुशासन कायम गर्नुपर्छ । मजदुरहरूलाई उद्यमशीलता र अनुशासन बारे नियमित तालिम दिनुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# सुनकाण्डका आरोपीको अन्तर्राष्ट्रिय कनेक्सन खोज्न इन्टरपोलमा पर्पल नोटिस

काठमाडौं/त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाहिर बरामद भएको ६० किलो सुन तस्करी प्रकरणमा समातिएका ६ जनाविरुद्ध अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल) बाट पर्पल नोटिस जारी हुने भएको छ ।

केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले पठाएको पत्रका आधारमा इन्टरपोलको नेशनल कन्ट्रोल ब्यूरो (एनसीबी) काठमाडौंले फ्रान्सको लियोनस्थित हेडक्वार्टरलाई पर्पल नोटिस जारी गर्न सिफारिस गरेको हो ।



प्रहरी प्रधान कार्यालय स्रोतका अनुसार, चिनियाँ नागरिक सउतेन भनिने डिङ सेग फा, अली र लीसमेत भनिने ली वेन टी सुङ, स्टेप्स र रोजर पनि भनिने ली नेङकाई, एलेक्स भनिने याओ पुचेङ, भारतीय नागरिक टासी भनिने थुप्तेन छिरिङ र बेल्जियन नागरिक दावा छिरिङविरुद्ध पर्पल नोटिस जारी गर्न सिफारिस गरिएको छ । 'सिफारिस अनुसार नोटिस जारी हुने क्रममा छ', स्रोतले भन्यो ।

इन्टरपोलमा पर्पल नोटिस जारी भएपछि कुनै अपराध अनुसन्धानमा इन्टरपोलका सदस्य राष्ट्रहरुबीच सूचनाको आदनप्रदान हुन्छ । 'यो नोटिस मोडस अपराण्डी (अपराध शैली), प्रयोग भएका सामग्री वा उपकरण र कन्साइनमेन्ट लुकाउने तरिकाबारे जानकारी आदानप्रदान गर्नका लागि जारी गरिन्छ', इन्टरपोलको वेबसाइटमा भनिएको छ ।

सुन प्रकरणको अनुसन्धानमा संलग्न अधिकृतहरुका अनुसार, यही प्रकरणका आरोपी अन्य विभिन्न मुलुकमा पनि पक्राउ परेको देखिएपछि इन्टरपोलको सहयोग लिन लागिएको हो । हाल सीआईबीको हिरासतमा रहेकामध्ये एलेक्स भनिने चिनियाँ नागरिक याओ पुचेङ १९ सेप्टेम्बर २०१९ मा भारतको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा पक्राउ परेको भेटिएको छ ।

हङकङबाट एयर इण्डियाको विमानमार्फत भारत गएका उनको साथमा ५ किलो सुन बरामद भएको थियो । त्यसबेला भारतको बिजनेस स्ट्यान्डर्डले लेखेको समाचार अनुसार, उनको ब्यागेजमा एक किलो सुनको चार वटा ढिक्का र आधा किलोको दुई वटा ढिक्का बरामद भएको थियो ।

अली भनिने ली वेन सुङ र जेक्विङ लिन पनि भारतमा पक्राउ परेर छुटेका व्यक्ति भएको विवरण प्रहरीले भारतीय सुरक्षा स्रोतबाट प्राप्त गरेको छ । 'यो गिरोहका व्यक्तिहरुको सम्बन्ध भारत र हङकङमा मात्र सीमित छैन', अनुसन्धानमा संलग्न एक अधिकृत भन्छन्, 'ल्याटिन अमेरिकी मुलुकहरु पनि नियमित आउजाउ गरेको देखिएको छ, त्यसैले इन्टरपोलमार्फत पर्पल नोटिस जारी गरेर अनुसन्धानलाई बृहत बनाउँदैछौं ।'

हाल सीआईबीको हिरासतमा रहेका तीन जना चिनियाँ नागरिकसहितको गिरोहले ११ मे २०२२ मा दिल्लीमा सुनको धाराभित्र राखेर ल्याएको साढे ६१ किलो सुन पनि भारतको राजश्व अनुसन्धान निर्देशनालय (डीआरआई) ले बरामद गरेको थियो । त्यसबेला दिल्ली एयर कार्गो कम्प्लेक्समा विशेष सूचनाका आधारमा जाँच गर्दा डीआरआईले तस्कर समूहले सुनको धारा बनाएर चीनको ग्वान्भाओबाट पठाएको भेटिएको थियो ।

जुन प्रकरणको सुपरीवेक्षणका लागि सीआईबी प्रमुख एआईजी किरण बज्राचार्यको नेतृत्वमा विशेष ब्यूरोका प्रमुख डीआईजी रामदत्त जोशी र एसपी कृष्ण कोइराला सदस्य रहेको समिति बनाएर छानबिनको दायरालाई फराकिलो बनाइएको छ ।

यो अपरेसनअघि पनि डीआरआईले उही शैलीबाट तस्करी गरिएको ११ किलो सुन लखनउ र मुम्बईबाट बरामद गरेको थियो । त्यसअघि पनि झण्डै १७ किलो सुन बरामद भएको डीआरआईले त्यसबेला जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

भारतमा कार्गोबाट आएको सुन पटकपटक बरामद हुन थालेपछि चिनियाँ तस्करहरुले नेपाली बाटो प्रयोग गरेको हुनसक्ने देखिएको अनुसन्धानमा संलग्न अधिकृतहरु बताउँछन् । 'हालसम्मको अनुसन्धानले सुन तस्करीमा मूलत: चिनियाँ नागरिकहरुकै संलग्नता देखिन्छ', सीआईबी स्रोत भन्छ, 'नेपाली नागरिक यसमा सहयोगी भूमिकामा मात्र देखिन्छन् ।'

राजश्व अनुसन्धान विभागले भन्सार जाँच पार गरेर बाहिरिएको १५५ किलो ब्रेक प्याड ३ साउनमा बरामद गरेको थियो । त्यसबेला विभागले एक क्विन्टल सुन बरामद भएको बताए पनि पछि तौलिँदा ६० किलो मात्र सुन भेटिएको थियो ।

यो प्रकरणको अनुसन्धान गरेको १९ दिनपछि विभागले यस मामिलाको सम्पूर्ण फाइल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) लाई हस्तान्तरण गरेको थियो । ब्यूरोले गरेको अनुसन्धानले यसमा अन्तरदेशीय कनेक्सन देखाइरहेको छ । त्यसैले हालै ब्यूरोले प्रहरीको प्रति-आतंकवाद र अन्तरदेशीय अपराध मामिला हेर्ने विशिष्टकृत निकाय विशेष ब्यूरोलाई पनि अनुसन्धानमा जोडेको छ ।

सुन प्रकरणको सुपरीवेक्षणका लागि सीआईबी प्रमुख एआईजी किरण बज्राचार्यको नेतृत्वमा विशेष ब्यूरोका प्रमुख डीआईजी रामदत्त जोशी र एसपी कृष्ण कोइराला सदस्य रहेको समिति बनाएर छानबिनको दायरालाई फराकिलो बनाइएको छ ।

सीआईबीले अनुसन्धान सकेर अभियोजन प्रक्रियामा गएपछि छानबिनका लागि आयोग बन्ने हुँदा त्रुटिरहित ढंगले अनुसन्धान होस् भनेर पनि उच्च प्रहरी अधिकृतहरु रहने गरी प्रहरी प्रधान कार्यालयले अर्को समिति बनाएको स्रोतको भनाइ छ ।

प्रमुख प्रतिपक्षी एमालेको निरन्तरको संसद् अवरोधका बीच सरकारले अभियोजनपछि ५ असोजमा उच्चस्तरीय छानबिन आयोग बनाउने सहमति गरेको थियो । यसअघि ब्यूरोले एसपी सञ्जयसिंह थापालाई अनुसन्धान अधिकृत तोकेर छानबिन गरिरहेको थियो ।

**नागरिकताबारे छानबिनमा प्रशासनको असहयोग**

सीआईबीका अनुसार सुन तस्करी प्रकरणमा पक्राउ परेकामध्ये ५ जना विदेशी नागरिकले नेपाली नागरिकता लिएको पाइएको छ । स्रोतका अनुसार तीन चिनियाँ नागरिक र एक बेल्जियन नागरिक दावा छिरिङले जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकबाट नागरिकता लिएका छन् ।

अली भनिने लि वेनले जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट नागरिकता लिएका छन् । सीआईबीका अनुसार, उनले जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट छिरिङ लामाको नाममा नेपाली नागरिकता लिएको पाइएको छ ।

चिनियाँ नागरिक डिङ सेग फाले राम लामाको नाममा काभ्रेबाट नागरिकता लिएका छन् । त्यही आधारमा उनले २३ डिसेम्बर २०२१ मा राहदानी लिएका छन् । काठमाडौंबाट नागरिकता लिएका ली वेनले पनि त्यही नागरिकताको आधारमा राहदानी बनाएका छन् ।

ली नेङ्काईले काभ्रेबाट सोनाम लामाको नाममा नागरिकता लिएका छन् । उनले २३ डिसेम्बर २०२१ मा राहदानी पनि बनाएका छन् । एलेक्स भनिने याओ पुचेङले पनि काभ्रेबाट नागरिकता बनाएका छन् । बेल्जियन नागरिक दावाले २० पुस २०७४ मा काभ्रेबाट नागरिकता लिएका छन् ।

स्रोतका अनुसार यो प्रकरणमा समातिएका विदेशी नागरिकसँग नेपाली नागरिकता भेटिएपछि छानबिनका लागि ब्यूरोले एउटा टोली काठमाडौं र काभ्रेमा खटाएको थियो । तर, छानबिनमा प्रशासनबाट ब्यूरोले सहयोग नपाएको स्रोतको दाबी छ । स्रोतका अनुसार, जिल्ला प्रशासन कार्यालय काभ्रेमा जाँदा त्यसबेला कार्यालयमा खटिएका १०० जनाको विवरण दिइएको छ । 'त्योमध्ये पनि करारमा रहेकाहरुले गरेको भनिएको छ, स्पष्ट विवरण कसैको दिइएको छैन', स्रोत भन्छ, 'त्यस्तोमा नागरिकताको अनुसन्धान जटिल बनेको छ ।'

यद्यपि, बयानका क्रममा प्रतिव्यक्ति एक लाख रुपैयाँ दिएर काभ्रेबाट नागरिकता लिएको दावाले खुलाएका छन् । काठमाडौंमा एक जनाको नागरिकता बनाउँदा चाहिँ ५ लाख रुपैयाँ दिइएको उनले बताएका छन् ।

काभ्रेका प्रमुख जिल्ला अधिकारी पूण्यविक्रम पौडेलले प्रहरीले मागेजति सबै कागजात उपलब्ध गराइदिएको बताए । 'कुनैको पासपोर्ट मात्र पठाएर विवरण मागिएको थियो, कुनैमा नागरिकता थियो । हामीसँग उपलब्ध भएसम्म सबै दिएका छौं', उनले भने ।

गृह मन्त्रालयले पनि मंगलबार नागरिकता प्रकरणमा छानबिनका लागि उपसचिव कृष्णबहादुर कटुवालको नेतृत्वमा समिति बनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'राष्ट्रिय चलचित्र पुरस्कार'मा हरिवंश र दीया उत्कृष्ट

काठमाडौं/चलचित्र विकास बोर्डले मंगलबार राष्ट्रपति कार्यालय शितल निवासमा आयोजना गरेको 'राष्ट्रिय चलचित्र पुरस्कार समारोह'मा फिल्म 'महापुरुष'बाट हरिवंश आचार्यले उत्कृष्ट अभिनेता र फिल्म 'प्रकाश'बाट दीया मास्केले उत्कृष्ट अभिनेत्रीको अवार्ड प्राप्त गरेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलद्वारा वितरण गरिएको अवार्ड ग्रहण गर्नका लागि हरिवंश स्टेज चढेका थिए भने दीया अनुपस्थित थिइन् ।



उत्कृष्ट निर्देशक 'प्रकाश'बाट दिनेश राउत घोषित भए । लेखन विधाको अवार्ड 'चिसो मान्छे'बाट दीपेन्द्र के. खनालले प्राप्त गरेका छन् भने 'लप्पन छप्पन २'बाट पुरुषोत्तम प्रधान उत्कृष्ट छायांकार, 'दोख'बाट निमेष श्रेष्ठ उत्कृष्ट सम्पादक र आदिवासी जनजाती फिल्मतर्फ 'ह्युलन छ्याँबा' घोषित भए । सो समारोहमा २०७८ र ०७९ को विशेष फिल्म पनि घोषणा गर्दै प्रमाणपत्र प्रदान गरियो ।

२०७८ सालको विशेष फिल्म 'टुल्की' र 'नीरमाया' बन्न सफल भए भने २०७९ सालको विशेष फिल्म 'बुलाकी', 'प्रसाद २' र 'चिसो मान्छे' घोषित भए । 'ऐना झ्यालको पुतली' र 'गोर्खा विनिथ द ब्रेभरी'ले भने जुरी अवार्ड (निर्णायक विशेष छनोट) प्राप्त गरेका छन् । यसपटक मुख्य विधा अर्थात् उत्कृष्ट फिल्मतर्फ भने अवार्ड बाँडिएन । जसले गर्दा राष्ट्रिय चलचित्र पुरस्कार विवादित बनेको छ ।

अवार्ड वितरणपश्चात् लक्ष्मी गिरी र शिव श्रेष्ठलाई राष्ट्रपति सहित सूचना प्रविधि रेखा शर्मा र चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले ३ लाख ७५ हजार नगदसहित दीर्घ साधना सम्मान प्रदान गरे । त्यस्तै, ३५ जनालाई विशेष योगदान सम्मानबाट सम्मानित समेत गरियो । पुरस्कार तथा सम्मान कार्यक्रममा राष्ट्रपति पौडेलले स्वास्थ्य समस्याका कारणले आफ्नो मन्तव्य राखेका थिएनन् ।

# 'पञ्चामृत'पछि आँचलको हातमा 'ह्वाइट हाउस'

काठमाडौं/अघिल्लो वर्ष फिल्म 'झिँगेदाउ' हिट भएपछि अभिनेत्री आँचल शर्मा प्रफुलित थिइन् । चार वर्षपछि उनले हिट फिल्म पाएकी थिइन् । तर, उनलाई 'झिँगेदाउ'ले दिएको खुसीमा यस वर्षको बैशाखमा आएको फिल्म 'नाईं नभन्नू ल ६'ले पानी फेरिदियो । यो फिल्म उनको करिअरकै सबैभन्दा ठूलो 'फ्लप' बन्न पुग्यो, जसको उनलाई अपेक्षा नै थिएन । किनकि, 'नाईं नभन्नू ल' हिट सिरिज थियो ।



'नाईं नभन्नू ल ६' असफल भए पनि उनलाई फिल्मको खडेरी भने छैन । उनले केही महिनाअघि मुस्कान ढकालको निर्देशनमा बन्न लागेको फिल्म 'पञ्चामृत' सम्झौता गरेकी थिइन् । यसमा उनको जोडी अभिनेता धीरज मगर सँग बाँधिदैछ । यसबीच, उनले अर्को नयाँ फिल्म सम्झौता गरेकी छन् । सविनकुमार तोलाङ्गीको निर्देशनमा बन्न लागेको फिल्म 'ह्वाइट हाउस'मा उनी जोडिएकी छन् ।

यो फिल्मभन्दा अघि आँचलले 'पञ्चामृत'को छायांकन भ्याउने जनाइएको छ । 'ह्वाइट हाउस'को भने तिहारपछि छायांकन सुरु गर्ने योजनामा निर्माण टिम छ । तोलाङ्गीकै लेखन रहेको फिल्ममा रमेश उप्रेती र गरिमा शर्मा पनि अनुबन्ध भैसकेको चर्चा छ । यद्यपि, यसबारेमा आधिकारिक पुष्टि भएको छैन । सविनले यसअघि केही सर्ट फिल्म तथा म्यूजिक भिडियोको निर्देशन गरिसकेका छन् ।

## बोर्डको गाइजात्रे अवार्ड :

# 'उत्कृष्ट फिल्म' नै गायब

काठमाडौं/नेपालीमा एउटा चर्चित उखान छ, 'कहीं नभएको जात्रा हाँडीगाउँमा ।' यो उखानलाई पनि विर्साउने गरी मंगलबार चलचित्र विकास बोर्डले राष्ट्रपति कार्यालयमा 'राष्ट्रिय चलचित्र पुरस्कार तथा सम्मान समारोह' आयोजना गऱ्यो । अवार्डमा सबैभन्दा महत्त्वपूर्ण मानिने 'उत्कृष्ट फिल्म'को विधा पहिलो पटक राष्ट्रिय चलचित्र पुरस्कारबाटै गायब बनाइयो । अर्थात् उक्त विधामा अवार्ड नै प्रदान गरिएन ।



'उत्कृष्ट फिल्म' बिना अवार्ड नै पूर्ण हुँदैन । जगबिना घर ठडिन सम्भव छैन भने जस्तै हो । तर, बोर्डले यसपटक 'उत्कृष्ट फिल्म'को विधामा अवार्ड प्रदान नगरी गाईजात्रा देखाएको छ । यसले राष्ट्रिय चलचित्र पुरस्कारको गरिमा र अस्तित्वमाथि ठूलो प्रश्न उठाएको टिप्पणी फिल्मकर्मीहरुले गरेका छन् । 'उत्कृष्ट फिल्म'बाहेक अन्य विधामा अवार्ड बाँडिएको सम्भवत: नेपालमै पहिलो पटक हो ।

चलचित्र पुरस्कार समारोहमा जुरी टिमका संयोजक राजेन्द्र सलभ अनुपस्थित थिए । 'उत्कृष्ट फिल्म' विधामा अवार्ड वितरण नहुने भएपछि उनले असन्तुष्टि जनाउँदै कार्यक्रममा उपस्थिति नजनाएको स्रोतले बताएको छ । उक्त कार्यक्रममा उपस्थित अवार्डका एक जुरी सदस्यले भने 'उत्कृष्ट फिल्म'को नाम बोर्डलाई बुझाएको भए पनि अवार्ड वितरण नहुँदा आफू नै अचम्ममा परेको बताए ।

ती जुरी सदस्यले भने- 'हामीले बोर्डलाई 'उत्कृष्ट फिल्म'को नाम बुझाएका थियौं । तर, अहिले नाम नआउँदा आफैं अचम्मित भएको छु । 'उत्कृष्ट फिल्म' बिना अवार्ड कसरी सम्भव हुन्छ ? यसको जवाफ बोर्डले अनिवार्य दिनुपर्छ ।' त्यस्तै, बोर्डका एक सदस्यले यसपटक 'उत्कृष्ट फिल्म'को विधा नराखिएको जानकारी गराए । तर, उनले त्यसको कारण भने खुलाउन चाहेनन् ।

निकट स्रोतका अनुसार, जुरी कमिटीले बोर्डलाई 'उत्कृष्ट फिल्म'मा 'प्रकाश'को नाम पठाएको थियो । तर, उक्त फिल्मलाई अवार्ड नदिन बोर्डलाई माथिल्लो तलबाट ठाडो निर्देशन आएपछि मुख्य विधामा अवार्ड नै नबाँडिएको स्रोतको दाबी छ । माओवादी युद्धले पारेको प्रभावको कथामाथि 'प्रकाश' आधारित छ । फिल्मलाई 'उत्कृष्ट फिल्म'को अवार्ड नदिइनुको कारण यसैलाई मानिएको छ ।

यो फिल्म रिलिजकै समयमा माओवादीका नेता तथा निर्वतमान शिक्षामन्त्री देवेन्द्र पौडेलले जनयुद्ध लडेर आएको पार्टीप्रति फिल्म लक्षित गरिएको भन्दै आपत्ति जनाएका थिए । अहिले माओवादीले नै सरकारको नेतृत्व गरिरहेको छ र बोर्डको तालुकवाला निकाय सञ्चार मन्त्रालय पनि माओवादीसँगै छ । यसैले 'उत्कृष्ट फिल्म'मा परेको 'प्रकाश'को नाम मन्त्रालयबाटै काटिएको स्रोत बताउँछ ।

अर्को रोचक कुरा के छ भने राष्ट्रिय चलचित्र पुरस्कारको जुरी टिममा माओवादी निकट फिल्मकर्मी चेतन सापकोटा (निर्माता) थिए । उनको माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) र सञ्चार मन्त्री रेखा शर्मासँग राम्रो सम्बन्ध छ । 'प्रकाश'लाई 'उत्कृष्ट फिल्म'को अवार्ड दिनबाट रोक्नमा उनको ठूलो भूमिका हुनसक्ने अवार्ड कार्यक्रममै गाइँगुइँ सुनिएको थियो ।

तर, राष्ट्रिय चलचित्र पुरस्कारमा 'प्रकाश'बाटै दिनेश राउतलाई उत्कृष्ट निर्देशकको अवार्ड प्रदान गरियो भने यही फिल्मबाट उत्कृष्ट अभिनेत्रीको अवार्ड दीया मास्केले प्राप्त गरिन् । तर, जुरीले सिफारिस गरेको 'प्रकाश'लाई उत्कृष्ट फिल्मको अवार्ड दिन भने राज्य डराएको छ । चलचित्र विकास बोर्ड त विचरो नामको एउटा चरो हो । सञ्चार मन्त्रालयको आदेशमा मात्र बोर्डले सास फेर्ने गर्छ ।

# एमसीसी कार्यान्वयनको घोषणाअघि प्रधानमन्त्रीले ल्याएको तरंग

काठमाडौं/मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अन्तर्गतका परियोजनाहरु बुधबार कार्यान्वयन सुरु भएको घोषणा हुँदैछ । अर्थ मन्त्रालयको सुवर्ण हलमा हुने घोषणा कार्यक्रममा सहभागी हुन मंगलबार नै एमसीसीका उपाध्यक्ष क्यामरुन एस एलफोर्ड मंगलबार नै काठमाडौं आइसकेका छन् ।

अर्थमन्त्रालय अन्तर्गतको मिलेनियम च्यालेञ्ज एकाउन्ट (एमसीए) नेपालले बनाउने प्रसारणलाइन र सडक निर्माण परियोजनाको ५ वर्षे दिनगन्ती भोलिदेखि सुरु हुनेछ । र, ५ वर्षभित्र काम नसकिए सम्झौताअनुसारको बाँकी अनुदान रोकिने छ ।

अर्थ मन्त्रालयका प्रवक्ता धनीराम शर्माका अनुसार २९ भदौ २०७४ मा हस्ताक्षर भएको एमसीसी नेपाल कम्प्याक्टअनुसार कार्यान्वयन थाल्नुअघि आयोजना क्षेत्रमा पहुँच (इन्ट्री इन्टु फोर्स-ईआईएफ) दिने शर्त भोलि बुधबार पूरा हुनेछ ।

आयोजनाको कार्यान्वयन सुरु हुनुअघि प्रसारणलाइनलाई राष्ट्रिय गौरवको आयोजना घोषणा, 'आयोजना कार्यान्वयन सम्झौता' नामक सहायक सम्झौतामा हस्ताक्षर, विद्युत नियमन आयोग गठन, प्रसारण लाइन जोड्नका लागि भारतसँग सहमति र 'संसदबाट अनुमोदन' जस्ता शर्तहरु पूरा भइसकेको छ ।

ठेकेदार तथा परामर्शदाता छनोट, जग्गा प्राप्ति, रुख कटान जस्ता पूर्व तयारीका काम भने बाँकी छ । त्यसैले भोलि परियोजना कार्यान्वयन घोषणा भएपनि काम सुरु भइहाल्ने छैन । एमसीए नेपालका एक अधिकारी भन्छन्, 'ठेकेदार छनोट भएर फिल्डमा आउँदासम्म जग्गा प्राप्ति, रुख कटान लगायतका काम सक्छौं ।'

पूर्व तयारीका काम सक्नुभन्दा चुनौती चाहिँ एमसीसीबारे हुने राजनीतिक विवाद देखिएको छ । वामपन्थी नेताहरुले एमसीसी संसदबाट अनुमोदन गर्नु भन्दा पहिलादेखि नै प्रश्न गर्दै आएका थिए । मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले स्वयंले त्यो बहसलाई थप तरंगित बनाएका छन् ।

चार दलको समाजवादी मोर्चाले मंगलबार रुपन्देहीको बुटवलमा सन्देश सभा राखेको थियो । सभामा विप्लवले एमसीसी कार्यान्वयन हुन नदिने मात्र बताएनन्, यो विषयमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराए । त्यसपछि एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले प्रधानमन्त्रीले पनि भन्नुहोला भनेपछि प्रचण्डले मुख खोले ।

झण्डै ४० मिनेट सम्बोधन गरेका उनले अन्तिममा एमसीसीबारे थोरै मात्र भन्छु भन्दै बोले । आफूले के-के गरें भनेर फेहरिस्त पेश गर्ने हो भने नेपालको परराष्ट्र नीतिको सन्तुलन नै बिग्रिने भन्दै उनले थोरै बोल्ने बताए ।

अनुदान दिएर नेपालमा विकास गर्छौं भन्नेको अनुदान पनि लिने र नेपालको राष्ट्रिय हित पनि प्रवर्द्धन हुने उपायको खोजी गर्ने क्रममा अन्तर्राष्ट्रिय कानुनी मान्यता प्राप्त व्याख्यात्मक घोषणाको बाटो रोजेको उनले बताए । संसदबाट सर्वसम्मत रुपमा पास भएको १२ बुँदे व्याख्यात्मक घोषणाले भोलि गडबड भयो भने आन्दोलनमा जानसक्ने बाटो खोलेको प्रचण्डले सुनाए ।

यद्यपि व्याख्यात्मक घोषणा कार्यान्वयन हुन्छ कि हुन्न भन्नेमा आशंका छ भन्दै प्रधानमन्त्री प्रचण्डले अगाडि भने, 'अहिले एमसीसीबारे एक जना अधिकारी आउँदै हुनुहुन्छ । प्रधानमन्त्री भएकाले मसँग भेट्ने भइहाल्यो । व्याख्यात्मक घोषणालाई सम्झौताको अंश बनाउने हो वा होइन, म सिधा भाषामा राख्ने छु ।' एमसीसी अन्तर्गतका परियोजना कार्यान्वयन सुरु भएको घोषणा गर्नु अघिल्लो दिन प्रधानमन्त्री प्रचण्ड आफैंले १२ बुँदे व्याख्यात्मक घोषणाको अवस्थाबारे गरेको प्रश्नलाई सत्तारुढ सठबन्धनका नेताहरु मात्र मात्र होइन, काठमाडौंस्थित अमेरिकी दूताबासका अधिकारीहरुले समेत नोट गरेका छन् ।

सत्ता गठबन्धनका एक नेताका अनुसार एमसीसी सम्झौता अनुमोदनअघि संसदले गरेको व्याख्यात्मक घोषणा एकतर्फी हो भन्ने प्रचण्डले बुझेका छन् । अमेरिकी अधिकारीहरुले पटक पटक उनलाई 'एमसीसी सम्झौतालाई नेपालले व्याख्यात्मक घोषणासहित बुझ्छ भन्ने हामीले मानेका छौं' भनेर पनि भनेका छन् । यदि व्याख्यात्मक घोषणालाई अमेरिकाले अस्वीकार गरेको भए परियोजना कार्यान्वयनको प्रक्रिया अघि बढाउने थिएन । 'त्यो बुझ्दा बुझ्दै प्रधानमन्त्रीले किन त्यसो भन्नुभयो, आश्चर्यमा परेको छु', ती नेताले भने । *(स्रोत: अनलाइनखबर)*

## संघीय निजामती सेवा विधेयक :

# सहसचिवमा आन्तरिक र खुला प्रतिस्पर्धालाई कायमै राख्ने तयारी

काठमाडौं/लोकसेवा आयोगले सहसचिवमा आन्तरिक र खुला प्रतिस्पर्धा दुबै बाटो खुला राख्नुपर्ने राय दिएको छ । संघीय निजामती विधेयकको मस्यौदामाथि राय दिँदै लोकसेवा आयोगले सहसचिवमा हालकै व्यवस्था कायम राख्न उपयुक्त हुने बताएको हो । विधेयकको मस्यौदामा प्रस्तावित विशिष्ट श्रेणीको अतिरिक्त सचिव हटाएपछि उपसचिवहरुले वृत्ति विकासमा असर पर्ने भन्दै विरोध जनाएका थिए । उनीहरुले अतिरिक्त सचिव पद समेत हटाउने र आन्तरिकतर्फको प्रतिस्पर्धा पनि बन्द गर्दा उपसचिवहरु फाइल बढुवा कुरिरहनुपर्ने अवस्था आउने भन्दै चिन्ता जनाएका थिए ।

लोकसेवा आयोगले रायसहित मन्त्रिपरिषदको विधायन समितिमा फर्काएको विधेयकको मस्यौदामा आन्तरिक तथा खुला प्रतिस्पर्धाको व्यवस्था कायम राख्नुपर्ने विषयमा छलफल सुरु भएको छ ।

'केही सहसचिवहरुको स्वार्थमा अतिरिक्त सचिव पद राख्ने प्रस्ताव हटेपछि बढुवा प्रणालीमा पुनर्संरचनाको अवसर गुमेको छ', प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका एक अधिकारीले भने, 'अब कम्तीमा हालकै व्यवस्था कायम गरेर जानुपर्ने अवस्था देखिएपछि त्यसका लागि छलफल सुरु भएको छ ।'

हाल प्रचलित निजामती सेवा ऐनमा सहसचिवमा ७० प्रतिशत ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनका आधारमा, २० प्रतिशत आन्तरिक प्रतिस्पर्धाका आधारमा र १० प्रतिशतमा खुला प्रतिस्पर्धाबाट छनोट गर्ने प्रावधान छ ।

कम्तीमा ५ वर्ष उपसचिवमा काम गरेकाहरुले आन्तरिक प्रतिस्पर्धाबाट सहसचिव हुन पाउँछन् । कम्तीमा ७ वर्ष राजपत्रांकित पदमा काम गरेकाहरु खुला प्रतिस्पर्धाबाट सहसचिव बन्न सक्छन् । 'अब हालकै व्यवस्था कायम गरेर जानुपर्ने अवस्था देखिएको छ', स्रोतले भन्यो, 'उपसचिवहरुको वृत्ति विकासमा पर्नसक्ने बाधाको एजेन्डालाई नकारेर जान सकिने अवस्था छैन ।'

अतिरिक्त सचिव पद हटाएर आन्तरिक प्रतिस्पर्धा समेत नराख्ने सरकारको प्रस्तावमा आपत्ति जनाउँदै उपसचिवहरुले निजामती ऐनको विषयमा छलफल गर्न बनाइएको उच्चस्तरीय सहजीकरण समितिका संयोजक रहेका उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का र मुख्यसचिव डा. बैकुण्ठ अर्यालसँग भेटेर खबरदारी गरिसकेका छन् । दुबैले सो विषयमा अनभिज्ञता प्रकट गर्दै अन्याय हुन नदिने प्रतिबद्धता जनाएका थिए ।

खुला प्रतिस्पर्धाबाट आएका सहसचिवहरुले पनि अतिरिक्त सचिव पद राख्दा आफूहरुले सचिव हुन नपाउने र ऐन जारी भएको ५ वर्षमै अवकाश लिनुपर्ने अवस्था आउने भन्दै विशिष्ट श्रेणीमा सचिव र मुख्यसचिवको २ तह मात्रै राख्न माग गर्दै आएका छन् । 'अब हाललाई आन्तरिक र खुला प्रतिस्पर्धाबाट सहसचिव नियुक्त हुने बाटो खुला राखेर अघि बढ्नुपर्ने देखिन्छ, तर कति-कति प्रतिशत आन्तरिक र खुलाबाट नियुक्त हुने गरी प्रावधान राख्ने भन्ने तय हुन बाँकी छ', प्रधानमन्त्री कार्यालय स्रोतले भन्यो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

## अन्तर्वार्ता

# ‘सहरको सौन्दर्यता र मजदुरको संरक्षणमा तीन पाङ्ग्रे सवारीलाई व्यवस्थित गर्दैछौं’

हेटौंडामा तीन पाङ्ग्रे सवारीसाधनको व्यवस्थापनमा हेटौंडा उपमहानगरपालिकाद्वारा लागू गरिएको स्टीकर प्रणालीलाई व्यवस्थित बनाउन आइतबारदेखि नवीकरण कार्य सुरु गरिएको छ । हेटौंडा क्षेत्रमा चल्ने अनुमति पाएका भन्दा धेरै अन्यत्र जिल्लाबाट समेत तीन पाङ्ग्रे सवारीहरु भित्रिएपछि उपमहानगरपालिकाले संख्या नियन्त्रण गर्न गतवर्षदेखि स्टिकर प्रणाली लागू गरेको थियो । २०७६ साल पुस ७ भित्र हेटौंडा उपमहानगरभित्र चल्ने रुट इजाजत प्राप्त अटो र ई-रिक्सा (मयुरी)लाई मात्र गतवर्ष हरियो स्टिकर वितरण गरिएको थियो । यसै सन्दर्भमा हटौंडामा अटो-मयुरीको व्यवस्थापन, नगर क्षेत्रको सडक क्षमता, नगरभित्रको ट्राफिक व्यवस्थापनमा उपमहानगरपालिका कार्यालयले गरिरहेको कामको विषयमा उपमहानगरका प्रवक्ता एवम् १ नम्बर वडाअध्यक्ष ***सविन न्यौपाने***सँग साझाकुराकी संवाददाता ***निशा गुरुङ***ले गरेको कुराकानीको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ ।



**सविन न्यौपाने**
**संयोजक**
**तीन पाङ्ग्रे सवारी व्यवस्थापन समिति**
**हेटौंडा उपमहानगरपालिका**

**❖ बजारको मुख्य सडक नै अटो, मयुरीलगायतका तीन पाङ्ग्रे सवारीले भरिएर दुर्घटनाको जोखिमसँगै ट्राफिक व्यवस्थापनमा चुनौती देखिएको छ, यसको व्यवस्थापनमा के-काम भइरहेको छ ?**

➩ अब यो संख्यात्मक रुपमा नियन्त्रण नै यसको सही उपाय हो भनेर उपमहानगरपालिकाले २०७६ पुष ७ गते यातायात कार्यालयलाई पत्राचार गरेर धेरै संख्यामा धान्न सकिदैन त्यसकारणले यात्रुहरुको सेवाको लागि अहिले जति पनि साविकको ११ वटा वडा र पछि गाभिएका ५ वटा गाविसको सबै क्षेत्रमा अटो र मयुरीले यात्रुहरुलाई सेवा दिइरहेको मध्यनजर गर्दै ट्राफिकको नियमअनुसार हाईवेमा तीन पांग्रे सवारी साधन चल्न नपाउने भएता पनि ७६ पुष ७ सम्मको एउटा समय राखेर उपमहानगरले रुट ईजाजत जारी गर्न रोकिएको थियो ।

त्यो भन्दा अगाडि भित्रिएका सवारी साधनलाई अव व्यवस्थित बनाएर लैजानुपर्छ भनेर उपमहानगरले गत वर्षदेखि हरियो स्टिकर प्रणाली लागु गरेको थियो । जस्मा १६ सय ७६ वटा अटो तथा ई-रिक्साले स्टिकर प्राप्त गर्नुभएको थियो । उहाँहरुको अव एक वर्ष भएपश्चात त्यसलाई नवीकरण गर्नुपर्ने नियम अनुसार नवीकृत भएकाहरूलाई पहेलो स्टिकर वितरण गर्ने काम आईतवारदेखि सुरु गरेका छौं ।

नवीकरण हुने यातायात तीन पांग्रेको साधनलाई अहिले हामीले मोडिफाई भएका अनावश्यक रुपमा लुकिङ ग्लासलाई धेरै अगाडि ल्याएका, हेडलाई नबल्ने, साईडलाईड नबल्ने, ब्याक लाईड नबल्ने र पछाडि अटोमा देखिनको त्रिपालको भाग राखिएको हुन्छ छोपिएको भाग हटाउने लगायतको सबै चिजलाई हटाएर एकदम चुस्तदुरुस्त भएको अटोलाई नवीकरण गर्ने काम अगाडि बढाईरहेका छौं । आईतवार र सोमवारसम्म १ सय ६९ वटा अटो नवीकरण भइसकेको छ ।

**❖ तीन पांग्रे सवारीको नवीकरण खुलाउँदा मयुरीहरुले किर्ते काम गरेको बुझिन्छ नी, घटना के हो ? यस्तो कार्यलाई कसरी रोक्न सकिन्छ ?**

➩ पक्कै पनि यो अत्यन्तै महत्वपूर्ण कुरा हो । अहिले हेटौंडामा तीन पांग्रे सवारी चलाएर आम्दानी गर्नेहरुको संख्या धेरै छ । अब छिमेकी जिल्लाहरु चितवन, बारा, पर्सा, निजगढ लगायतका क्षेत्रमा यस्ता साधन हाईवेमा गुड्नलाई पूर्णरुपमा प्रतिवन्ध लगाएको सबैलाई थाहा छ । तर, हेटौंडा उपमहानगरपालिकाको हकमा चाँहि १९ नम्बर वडाको नेवार पानीदेखि १८ नम्बरको फुर्केचौर सम्म र १५ नम्वरको रातोमाटेदेखि १ र २ नम्बरको चौकीटोलसम्म, पूर्वपश्चिम, उत्तरदक्षिण सबै क्षेत्रको हाईवे जोडिएको छ ।

यसवीचमा चौघडा हुँदै जाने धरान चतराको भयो, कान्तिलोकपथ लगायतको सबै हाईवेले छुने भएको हुनाले हाईवे ब्यान्ड गरेको अवस्थामा अटो मयुरी चालकले एउटा रोजगारी गरेर खाइरहनु भएको थियो र यात्रुलाई गाउँगाउँबाट सेवा प्रदान गरिरहनुभएको थियो त्यसमा असर पर्छ भनेर यसलाई सञ्चालनमा व्यवस्थापन गरौं भन्ने हाम्रो कुरा हो । त्यसैले यहाँ सञ्चालन हुन पाईन्छ भने पछि जुन पुरानो ई-रिक्सा जुन ७६ भन्दा अगाडि आएको कवाडीमा जानेबेला भईसकेपछि पहिलाको बिलबुकलाई प्रयोग गरेर चलाउन पाउनेगरी नयाँ फ्रेम ल्याउने ईरिक्साको र नयाँ फ्रेमको च्यासिस नम्वर मेटेर त्यही बिलबुकको च्यासिस नम्वर ठोक्ने र त्यही नम्वर टाँस्ने त्यसरी सञ्चालन भइरहेको सूचनाको आधारमा प्रहरीले सुराकीमार्फत छानबीन गरिरहेको अवस्था छ ।

त्यही छानबीनको अवस्थामा आईतवार प्रहरीले ७ वटा पक्राउ गरेको सूचना प्राप्त गरेका छौं । त्यो सरासर गैरकानुनी काम हो । त्यही भएर त्यस्तो कार्य गरिने सबैलाई प्रहरीले कारबाही गरिरहेको छ ।

**❖ बजारमा थेगिनसक्नु अटो-मयुरी छन्, उपमहानगरले तीन पांग्रे सवारीमा हरियो स्टिकर टाँस गर्नुको औचित्य पुष्टि हुन सकेको छैन नी, किन हो ?**

➩ एक त बजार सानो छ । धेरै सवारी साधन हुँदा अत्यन्तै गञ्जागोल देखिएको छ । त्यसमध्ये पनि हाईवेमा एकसाईड पार्किङ छ । पेटीमा पसलको सामनहरु राखिएको हुन्छ त्यहाँ पैदलयात्रीलाई हिड्न अफ्टेरो हुन्छ । व्यवस्थापन गर्न अत्यन्तै गाह्रो भाको छ । त्यही पनि पेटीमा सामन नराख्न अनुरोध गर्दा व्यवसायीको विरोध हुन्छ । एक साईड पार्किङ नगर्दा भएभरको साधनलाई राख्ने ठाउँ पनि छैन । उपमहानरले गरेन भन्ने कुरा आउँछ गर्नलाई धेरै कुराहरु आईडिया छ । तर, व्यवस्थापनको हिसाबले हेर्दाखेरी अत्यन्तै अव्यस्थित र सकसपूर्ण अवस्थाबाट गुज्रिहनुपर्ने अवस्था पनि छ ।

**❖ ट्राफिक व्यवस्थापनका लागि उपमहानगरले हालसम्म के-के काम गरेको छ ?**

➩ उपमहानगरको योजनामा अहिले तीन पांग्रे व्यवस्थापनलाई धेरै काम गरिरहेका छौं । त्यो सँगसँगै हामीले मुख्य बजार क्षेत्रमा पिक एण्ड ड्रबको स्टेशनहरु बनाउने, जस्तो बाटो फराकिलो भएको खण्डमा कुनकुन ठाउँमा उक्लिने र ओराल्ने ? जस्तै कमाने जाने टेम्पो पार्कलाई कुन ठाउँमा राख्ने ? यता नवलपुर बसामाडी जाने कुन ठाउँमा राख्ने ? चौघडा हुँदै पूर्व जानेलाई कुन ठाउँमा राख्ने ? उद्योग वाणिज्य संघ हुँदै सामरी, भीमफेदी जाने सवारी साधनलाई कतापटि पार्किङ गर्ने ? र हेटौंडाबाट काठमाडौं चल्ने सुमो लगायतको साधनलाई कसरी व्यवस्थापन गर्ने भनेर हामीले छलफल पनि गरिरहेको अवस्था छ ।

अहिले सबैतिरको पार्किङ स्टेशनहरु राखेको अवस्था छ । मुख्य कुरा पर्याप्त मात्रमा ठाउँ नहुँदाको अवस्थामा त्यसलाई व्यवस्थापन गर्न सकिएको अवस्था छैन तर, हामीले ठाउँ भएको अवस्थामा म्यानेज गरेका छौं । यद्यपि मुख्य बजार क्षेत्रमा सुमो काउन्टरको समस्याको पटकपटक गुनासो आईरहेको छ । त्यस्को विषयमा पनि हामीले अटोको वर्गिकरण सक्ने बित्तिकै एकीकृत गरेर जसरी हामीले केहीवर्ष चौकीटोलमा सुमोहरुको एकीकृत काउन्टर खोलेर व्यवस्थित गरेका थियौं ।

कोरोनाकाल पछि केही समस्या आएको र यातायात कार्यालयको जग्गा भएको कारणले गर्दा यातायात कार्यालय आफैंले भवन निर्माण गर्न पर्ने हुनाले त्यो ठाउँ प्रयोग नगर्न भनेर अनुरोध आएपछि हामीले जग्गा अभावमा सुमो व्यवस्थापन पर्ने कुरमा दीर्घकालीन रुपमा अगाडि लैजान सकेनौं ।

यद्यपि हामीले एक दुईवटा ठाउँ विकल्पको रुपमा खोजेका छौं र त्यो विकल्प सहित सुमो व्यवसायीसँग छलफल गरेर सुमो व्यवस्थापन गर्ने कामलाई अगाडि बढाईरहेको अवस्था छ ।

**❖ सडक विस्तारको विषय सर्वोच्च अदालतमा गएर अड्किएको छ ? अब के हुन्छ ?**

➩ अब, यस्मा सम्मानित सर्वोच्च अदालतमा घरधनी मुद्दाको सवालमा सम्बन्धित निकायहरु हेटौंडा उपमहानगर पालिका, नेपाल सरकार, सडक डिभिजनलगायतको धेरै राजनीतिक विपक्षीहरु हुनुहुन्छ । त्यस्कारणले घरधनिको पक्ष र अन्य विपक्षीबीच छलफल गर्नका लागि पटकपटक मिति तय भएको छ । अव गोलाप्रथा गरेर तीन/चार पटक कहिले हेर्न नमिल्ने कहिले हेर्न नभ्याउनेमा परेको छ ।

हेरियो भने छलफलको वातावरणको सुरुवात होला । अहिले अन्तरकालीन आदेश जारी गरेको अवस्था छ । घर धनीहरुले विना क्षतिपूर्ति मुआब्जा सडक विस्तार गर्न लाग्यो सडक विभागले भनेर अन्तिम आदेश रोक्नका लागि मुद्दा दिनुभएको छ । त्यो सम्बन्धमा अन्तरकालीन आदेशलाई निरन्तरता गरिरहने अथवा छलफलपश्चान अन्तरिम आदेश दिन परेन कस्तो खालको अदालतको निर्णय आउँछ सो अनुसार यो काम अगाडि बढ्ने नबढ्ने कुरा हुन्छ ।

## जनार्दनले भने, ‘तस्करीमा संलग्नता प्रमाणित भए महरा बाबुछोरालाई कारबाही हुन्छ’

साझाकुरा संवाददाता




हेटौंडा, १२ भदौ/नेकपा माओवादी केन्द्रका नेता तथा पूर्वसभामुख कृष्णबहादुर महरा र उनका छोरा सुन तस्करीमा संलग्नताको प्रमाणित भए कारबाही हुने नेता जनार्दन शर्माले बताएका छन् ।

माओवादीका उपमहासचिव तथा पूर्वअर्थमन्त्री शर्माले सोमबार हेटौंडामा प्रेस सेन्टरद्वारा आयोजित पत्रकार सम्मेलनमा बोल्दै सुन तस्करीमा प्रहरीको अनुसन्धान ब्यूरोले काम गरिरहेको भन्दै भेप (इलेक्ट्रिकल सिगरेट)मा सुन तस्करी घटनामा संलग्नता रहेको प्रमाणित भए महरा बाबुछोरालाई कारबाही हुने उनको दाबी थियो । पत्रकार हरुले महरा बाबुछोरालाई कारबाही गर्न सरकार किन पछि हटेको हो ? भन्ने प्रश्नमा उनले प्रहरीले अनुसन्धान गरिरहेको र दोषि देखिए कारबाही हुने बताए । शर्माले महरा बाबुछोरालाई प्रमाणबिना आरोप लगाइएको पनि बताएका थिए ।

महरा बाबुछोरालाई किन पक्राउ गरिएन भन्ने प्रश्नमा उनले भने, ‘प्रमाण नभएर पक्राउ नपरेको हुन सक्छ । कसैलाई आरोप लगाएर मात्रै हुँदैन प्रमाणित पनि हुनुपर्छ । प्रमाणित भए जोसुकै भएपनि दोषि भागिदार हुनुपर्छ ।’, सरकारले भ्रष्टाचार र अनियमितताको विषयमा गम्भिर भएर काम गरेको शर्माले बताए । उनले अनियमिततामा संलग्न जोसुकै पनि कारबाहीको दायरामा आउने दाबी गरे । ‘सुन तस्करीको घटनामा सिआईबीले अनुसन्धान गरिरकेको छ, यदि नाम जोडिएका नेताहरुको प्रमाण प्राप्त भयो भने अवश्य पनि उहाँहरु कारबाहीको दायरमा आइहाल्नु हुन्छ ।’, उनले सुन तस्करी घटनामा उच्चस्तरीय समिति बनाएर अनुसन्धान गर्न लागिरहेको बताए ।

नेता शर्माले अन्य आयोग मात्रले काम गर्न नसक्ने भन्दै विषेश आयोग बनाएर सबै नेताहरुको छानबीन हुन आवश्यक रहेको दाबीसमेत गरे । राज्यको रुपान्तरणको लागि सबैको छानबीन हुन अति आवश्यक भइसकेको भन्दै उनले सरकार यस काममा लाग्ने बताए । सरकारले ललिता निवास, भुटानी शरणार्थी प्रकरणदेखि सुनकाण्ड समेतको विषयमा गम्भिर भएर काम कारबाही अघि बढाएको बताउँदै उनले भ्रष्टाचारमुक्त मुलुक निर्माणको लागि माओवादी नेतृत्व तयार रहेको दाबी गरे । आफूले पटक-पटक पार्टी नेतृत्व र सदनमा अनियमितताको विषयलाई कुनैपनि पाटीको नाममा छाड्न नमिल्ने सुझाव दिएको भन्दै उपमहासचिव शर्माले माओवादीको अध्यक्षले पनि कुनै गल्ती गरेको अवस्थामा कानूनको दायरामा आउने बताए ।

नेता शर्मा नेकपा माओवादी केन्द्र जिल्ला समितिको विस्तारित बैठकमा सहभागी हुन हेटौंडा आएका थिए । उनले माओवादी पार्टी अब जनताको घर घरमा पुग्ने गरी काम गरिरहेको बताए । ‘जनतासँग माओवादी अभियान’ सञ्चालनका लागि पार्टीले काम गरिरहेको उनको भनाई छ । पार्टी बागमती प्रदेश इञ्चार्जसमेत रहेका शर्माले नेकपा माओवादीका नेताहरु सहर, सत्ताकेन्द्रित भएको आरोप लगाउँदै जनताको घरघरमा पुग्नुपर्ने जागरणका लागि पनि अभियान सञ्चालन भइरहेको बताए । उनले माओवादी केन्द्र रुपान्तरणको सन्देश बोकेर अघि बढिरहेको बताए । माओवादी सुदृढा हुँदै मुलुक रुपान्तरणको अभियानमा लाग्ने उनको भनाई छ ।

## मकवानपुरको माटोमा अम्लीयपनको समस्या




साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ बागमती प्रदेशमा खेती हुँदै आएको माटोमा अम्लीयपनको समस्या पाइएको छ । माटो तथा मल परीक्षण प्रयोगशाला बागमती प्रदेश, हेटौंडाले माटो परीक्षणका क्रममा यस्तो पाएको कार्यालय प्रमुख डा. जनार्दन खड्काले जानकारी दिए ।

प्रदेशमा माटो परीक्षणका क्रममा माटोमा ५० प्रतिशत प्राङ्गारिक पदार्थको कमी, बर्सातको पानी, माटो बन्ने पैतृक चट्टान र मानवीय व्यवस्थापनका कारण माटोमा अम्लीयपनको समस्या बढ्दै गएको उनले बताए । काठमाडौं उपत्यकासहित व्यावसायिक तरकारी, कृषि खेती हुने जिल्ला काभ्रे, ललितपुर, धादिङ, नुवाकोट, चितवन र मकवानपुरको माटोमा अम्लीयपनको समस्या बढी पाइएको उन्ले बताए ।

प्रयोगशाला, घुम्ती शिविर र डिजिटल स्वाइल म्यापिङमार्फत् छ हजार २९९ माटोको नमुना परीक्षण गर्दा झन्डै ७० प्रतिशत माटोमा अम्लीयपनाको समस्या पाइएको छ । गत आवमा प्रयोगशालाले एक हजार नमूना परीक्षण गर्ने लक्ष्य लिइएकामा एक हजार ३२२, घुम्ती शिविरमार्फत् चार हजार ३५२ र डिजिटल स्वाइल म्यापिङबाट ६२५ माटोको नमूना परीक्षण भएको थियो । स्थानीय तहसँगको समन्वयमा प्रदेशका सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक र मकवानपुरमा डिजिटल म्यापिङ गरिएको थियो ।

स्थापनाकालदेखि हालसम्ममा सबैभन्दा धेरै गत आवमा माटोको नमूना संकलन र परीक्षण भएको कार्यालय प्रमुख खड्काले बताए । माटोको परीक्षण गर्दा अम्लीयपन पाइएपछि प्रयोगशालाले किसानलाई चुन वितरण गरेको छ । माटोको गुणस्तर सुधार कार्यक्रमअन्तर्गत् काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे र चितवनको पाँच पालिकाका किसानलाई वितरण गर्ने गरी प्रतिपालिका २१ मेट्रिकटनका दरले नि:शुल्करुपमा १०५ मेट्रिकटन कृषिचुन उपलब्ध गराइएको हो । कृषिचुनमा नौ लाख ८१ हजार रुपैयाँ खर्च भएको थियो ।

## डेढ महिनापछि बागमती प्रदेशसभा बैठक आह्वान



साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/डेढ महिनापछि बागमती प्रदेशसभाको बैठक आह्वान गरिएको छ । बैठक यही भदौं १८ गते अपराह्न साढे १ बजे बस्ने गरी आह्वान गरिएको प्रदेशसभा सचिवालयका प्रमुखसचिव कृष्णहरि खड्काले जानकारी दिए ।

उनका अनुसार, बैठकमा हुने सम्भावित कार्यसूची तयार गर्न प्रदेशसभा सचिवालयले सोही दिन विहान साढे ११ बजे संसद् सचिवालयमा कार्यपरामर्श व्यवस्थापन समितिको बैठक पनि आह्वान गरेको छ । प्रदेशसभा बैठकमा सहभागी हुन प्रदेशसभाका सबै सांसदलाई सूचना पठाइसकेको सचिव खड्काले बताए ।

प्रदेशसभाको बैठक यसअघि गत असार २१ गते बसेको थियो । त्यो बैठकबाट दुईवटा विभिन्न विधेयक पारित गरी प्रदेश सभा अनिश्चितकालको लागि स्थगित गरिएको थियो । बागमती प्रदेशसभा सचिवालयमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी, नेकपा एकीकृत समाजवादी, नेपाल मजदुर किसान पाटी र हाम्रो नेपाली पाटीलाई प्रतिनिधित्व गर्ने ११० जना सांसद रहेका छन् ।

यसैगरी, बागमती प्रदेशसभा सचिवालयमा मंगलबार एउटा विधेयक दर्ता भएको छ । प्रदेशसभा सचिवालयमा विज्ञान प्रविधि, नवप्रर्वद्धन तथा विकास कोष संचालन गर्न बनेको विधेयक २०८० दर्ता भएको सचिवालयका प्रवक्ता मनोजकुमार गुप्ताले जानकारी दिए । उनका अनुसार, सचिवालयमा दर्ता गरिएको विधेयक आगामी वर्षे अधिवेशनको बैठकबाट पारित गर्न प्रक्रिया अघि बढाइसकिएको छ ।

## उपमहानगरद्वारा २० विद्यालयलाई कम्प्युटर हस्तान्तरण

हेटौंडा, १२ भदौ/हेटौंडा उपमहानगरपालिकाले विद्यालयको शैक्षिक गतिविधिलाई प्रविधिमैत्री बनाउन नगर क्षेत्रका २० वटा सामुदायिक विद्यालयलाई आवश्यक इलेक्ट्रोनिक्स सामग्री हस्तान्तरण गरेको छ ।

विद्यालयको प्रशासनिक कामलाई सहज बनाउन उपमहानगर पालिकाले गत आर्थिक वर्ष २०७९/८० को वार्षिक बजेटबाट खर्च हुने गरी २० वटा सामुदायिक विद्यालयका लागि कम्प्युटर, प्रिन्टर र मल्टिमिडिया (प्रोजेक्टर) सहयोग गरेको हो । सहयोग सामग्री हेटौंडा उपमहानगरपालिकाका नगरप्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ र सामाजिक विकास समितिका संयोजक तथा १६ नम्बर वडाअध्यक्ष रामकृष्ण कोइरालाले विद्यालयका प्रधानाध्यापकलाई हस्तान्तरण गरेका हुन् ।

आन्तरिकश्रोतको २० लाख रुपैयाँबाट ठेक्कामार्फत् खरिद गरिएको सामग्री हस्तान्तण गर्दै नगर प्रमुख लामाले विद्यालयको शैक्षिक गतिविधिलाई सुधार्नेतर्फ ध्यान दिन आग्रह गरिन् । सामुदायिक विद्यालयको शैक्षिकस्तर उकास्नेतर्फ सबैले ध्यान दिन जरुरी रहेको उनको भनाई थियो । उनले उपमहानगरले दिएको सामग्रीबाट विद्यालयको आन्तरिक व्यवस्थापनको क्षेत्रमा काम गर्न जोड दिएकी छन् । उपमहानगरले विद्यालयलाई प्रविधिमैत्री बनाउन गरेको सहयोगबाट समुदायिक विद्यालयका प्रधानाध्यापकहरु पनि उत्साहित भएका छन् । विद्यालयको प्रशासनिक कार्य तथा परीक्षासम्बन्धी कार्य व्यवस्थापनका लागि निकै सहज हुने आकाशधारा पानिसरा आधारभूत विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर विकले बताए ।


**सूचना ! सूचना ! सूचना !**

यही आउने भदौ १६ गते काठमाडौं शहिद गंगालाल हृदय केन्द्र काठमाडौंबाट बरिष्ठ मुटु रोग विशेषज्ञ डा. विवेक बानियाँ आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप ( High Blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नुहोला ।

**हाम्रो सेवाहरू :**

☞ ECHO मुटुको भिडिओ एक्स-रे सेवा
☞ E.C.G. भिडिओ एक्स-रे सेवा
☞ प्याथोलोजी सेवा
☞ फिजियो थेरापी सेवा
☞ दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
☞ छाला तथा यौन रोग विशेषज्ञ सेवा
☞ स्त्री तथा प्रसुती सम्बन्धी सेवा
☞ नाक, कान तथा घाँटी रोग सम्बन्धी सेवा

***सम्पर्क :***

**मकवानपुर पोलिक्लिनिक**
हेटौंडा-०१, भिन्तुनापथ
(सञ्चो हस्पिटल अगाडि, मकवानपुर सहकारी हस्पिटल सँगै)
सम्पर्क नं. : ०५७-५२५६०१, ९८४५२३७६११, ९८०७१३१३६४

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना